# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

निर्धारित उद्देश्य अनुसारका शैक्षिक उपलब्धिहरु प्राप्त भयो वा भएन भनी विद्यार्थीको मूल्याङ्कन गर्ने गरिन्छ । विद्यार्थीले पाठ्यक्रमले तोकेको शैक्षिक उपब्धिहरु पूरा गर्न सकेनन् भने शिक्षा क्षेत्रमा जति लगानी गरे पनि त्यसको केही अर्थ रहँदैन । आजको प्रतिस्पर्धात्मक युगमा मानिसलाई आफ्नो जीवन सहज र सरल बनाउनका लागि गुणात्मक शिक्षाको आवश्यकता पर्छ । त्यसकारण गुणात्मक शिक्षा प्रदान गर्नका लागि नेपाल सरकारले शिक्षा क्षेत्रमा परियोजनाहरु संचालन गर्दै आइरहेको पाइन्छ । त्यसैले विद्यार्थीको उपलब्धिको मूल्याङ्कन गर्ने प्रणालीमा पनि समयानुकूल परिवर्तन हुँदै आएको पाइन्छ (श्रेष्ठ, २०६०) ।

व्यवहारिक जीवनका हरेक पक्षमा मूल्याङ्कनलाई अवधारणाको साथमा उपभोग गरिन्छ । मूल्याङ्कन साधारण अर्थमा मूल्यको अंकन गर्ने प्रक्रिया हो । मूल्य भन्नाले व्यवहारिक जीवनका हरेक पक्षहरुमा गुणस्तर वा महत्व नै हो । कुनै पनि प्रकारको मूल्याङ्कनको प्रमुख मूल्याङ्कित विषयमा सुधार गर्नु हो । व्यक्तिमा निहित मूल्य तथा विचारलाई कुनै पनि स्तर दिई राम्रो, मध्यम या निम्न भनी छुट्टाएर उसमा सुधार गर्नु हो । मूल्याङ्कन शिक्षाको प्रमुख आधार हो । शिक्षाको प्रमुख लक्ष्य विद्यार्थीमा अपेक्षित व्यवहारिक परिवर्तन भयो भएन, शैक्षिक उद्देश्य पूरा भयो या भएन, शिक्षण प्रक्रियामा सुधार ल्याउनु पर्ने हो विद्यार्थीको स्तर तथा उपलब्धि निर्धारण गर्न मूल्याङ्कनको प्रयोग गरिन्छ । शिक्षकले विद्यार्थीको अध्ययनका लागि उपयुक्त वातावरण सृजना गर्ने लक्षित कुराहरु सिके सिकेनन् तथा तरिकाबाट उनीहरु अझ बढी ज्ञान हाँसिल गर्न सक्छन् भन्ने कुरा पत्ता लगाउने साधन मूल्याङ्कन हो (जबरा र अन्य २०६७) ।

निर्धारित उद्देश्य अपेक्ष गरिएका पक्षहरुमा विद्यार्थीका व्यवहारमा परिवर्तन आयो वा आएन भनी लेखा जोखा तथा पढाएका कुराहरु सिके वा सिकेनन् भनी उनीहरुका सुधारात्मक वातावरण सृजना गर्नु मूल्याङ्कन हो ।

शैक्षिक कार्यक्रममा मूल्याङ्कनको अनिवार्यता रहन्छ । कुनै पनि कार्यक्रम सञ्चालन सँगसँगै त्यसको अवस्थिति र उपलब्धिको यथार्थ विष्लेषण गर्न र असल कमसल वा सर्वोत्कृष्ट के कस्तो

अवस्थामा कार्य सम्पदानका गतिविधि अग्रसर भैरहेको छ भन्ने कुराको छिनोफानो गर्न मूल्याङ्कनको महत्व हुन्छ । तसर्थ यसको परम्परा कसरी विकसित हुँदै आएको होला भन्ने कुरा पनि त्यति नै महत्वको हुन्छ । नेपालको शैक्षिक कार्यलाई सुरुमा कस्तो तरिकाले मूल्याङ्कन गरिन्थ्यो र आजसम्म आईपुग्दा के कसरी अग्रसर हुँदै आएको छ । सो सम्बन्धी विवेचना यस शीर्षकबाट गर्ने प्रयास भएको छ ।

पुरानो शिक्षा पद्धत्तिमा मूल्याङ्कनलाई कुनै ब्यक्तिको विवेकबाट मात्र सञ्चालन हुने गरेका कारण त्यसको विश्वसनीयता ब्यक्तिको स्वविवेकमा नै हुने गर्दथ्यो । त्यसबाट मूल्याङ्कन गर्ने ब्यक्ति नै पिच्छे फरक फरक नतिजा आउने गरेका कारण सर्वमान्य हुन सकेको देखिदैन । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु हुनु अगाडि हाम्रो देशको शिक्षा प्रणालीमा विविध परीक्षा पद्धति प्रयोग गर्दै विद्यार्थीहरुका सही मूल्याङ्कन हुन सकिरहेको थिएन । विद्यालयस्तरमा कुनै कक्षमा सफल भएपनि माथिल्लो कक्षामा अध्ययन गर्न रोकिदैनथ्यो । यसैले एस. एल. सी. परीक्षामा उत्तीर्ण हुनुसँगै उच्च शिक्षा पाउन अनुमति पाए सरह नै मानिन्थ्यो यसले गर्दा शिक्षामा गुणस्तर बृद्धि हुनको सट्टा संख्यात्मक बृद्धि हुने गरेको देखिन्छ । मूल्याङ्कन प्रणालीलाई हिजो मात्र विद्यार्थीलाई जाँच गर्ने आधार मानिन्थ्यो तर अरु पक्षसँग मूल्याङ्कनको सरोकार थिएन । तर, जबदेखि नेपालमा नयाँ शिक्षा अर्थात् राष्ट्रिय शिक्षा योजना पद्धति २०२८ लागू भयो त्यस यता हाम्रो शैक्षिक उपलब्धि थाहा पाउन गरिने मूल्याङ्कन विधि र प्रणालीमा पनि आधारभूत कुराहरु स्थापित हुँदै आए । जसअनुसार आज मूल्याङ्कन प्रणालीमा आन्तरिक र बाह्य परीक्षा मूल्याङ्कन भनेर अङ्कभार विभाजन गरिएको छ । आन्तरिक मूल्याङ्कनको व्यवस्थाले गर्दा परीक्षा बढी वस्तुगत तथा व्यवहारिक हुन पुगेको आन्तरिक परीक्षाले विद्यार्थीको मात्र मूल्याङ्कन नभई शिक्षण विधि, पाठ्यक्रम र पाठ्य पुस्तकको विश्वसनीयता, विद्यार्थीको पढ्ने कला, उसमा भएको सीप तथा अवधारणा समेतको मूल्याङ्कन हुने गरेको छ (खनाल, २०६७) ।

बालकको व्यक्तिगत भिन्नताका आधारमा शिक्षण सिकाइमा सुधार ल्याउने, शिक्षण विविधलाई समयानुकूल प्रयोगमा ल्याउने, बालकका आवश्यकता बुझ्ने र छुट्याउने, बालकलाई पथप्रदर्शन गर्न र परामार्श दिन सकिने कुराको समेत विकास भएको छ । विद्यार्थीको सर्वाङ्गीर्ण विकासको शिलशिलामा भएका उपलब्धिहरुको निरन्तर वा क्रमिक रुपमा लेखाजोखा गर्न आन्तरिक

मूल्याङ्कन प्रथा चलाइएको थियो । जस अनुसार गृहकार्य, एकाई परीक्षा, निरीक्षण, त्रैमासिक परीक्षा, अन्तिम परीक्षा यस बाहेक निरीक्षणमा आवश्यक पर्ने निम्न पक्षहरु भने विद्यालयले अपनाएको पाँइदैन । तर, आज माथिका अतिरिक्त घटनावृत्त, सञ्चित अभिलेख, परीक्षामा बालकको बानी, ब्यहोरा, विश्वास, अभिवृत्ति जस्ता कुराहरु आजको मूल्याङ्कनमा थपिएका छन् । यसैले मूल्याङ्कन र निरीक्षण गरे पश्चात् विद्यालयमा घटनावृत्त र सञ्चित अभिलेख समेत आवश्यका ठानी आज ती सबै पक्षहरु मूल्याङ्कनमा समावेश भएर आएका छन् । त्यसैले, हिजोका मूल्याङ्कन प्रणालीलाई विश्वसनीयता, प्रामाणिकता,व्यावहारिकता, स्तरयुक्तता र निरन्तरता दिन आज मूल्याङ्कन प्रविधि निकै प्रभावकारी बनाइँदैन ल्याएको छ । यसका लागि विभिन्न विद्यालयका शिक्षकहरुलाई विषयगत स्तरीय प्रश्न निर्माण गर्न लगाई ती प्रश्नहरुको जाँच विशेषज्ञहरुबाट वा विशेष योग्यता भएका शिक्षकहरुबाट गराई प्रश्न बैंक समेत तयार गर्ने क्रमको विकास भएको छ (जबरा २०६५) ।

युग जति परिवर्तन हुँदै जान्छ त्यति नै शिक्षामा आधुनिकता आवश्यक पर्दै जान्छ । शिक्षा दर्शनले वैयाक्तिक समायोजनका लागि सम्पूर्ण व्यक्तिको सर्वाङ्गीण विकास जस्तै शारीरिक, मानिसक, बौद्धिक, संवेगात्मक, सामाजिक तथा भावनात्मक पक्षहरुमा ठूलो महत्व दिइएको हुन्छ । मानसिक तथा बौद्धिक पक्षको अवस्था थाहा पाउनुभन्दा पनि शैक्षिक उपलब्धि पत्ता लगाउनु आजको युगको गहन विषय बन्न पुगेको छ । यसैले मूल्याङ्कनप्रति व्यक्तिहरुका छुट्टाछुट्टै धारणा पाइन्छन् । शुरु शुरुमा शिक्षाको उद्देश्य कुनै व्यक्तिमा पढाइ, लेखाइ र अंक गणित सम्बन्धी ज्ञान प्रदान गर्नु थियो । सिक्ने व्यक्तिको मूल्य उसले कति विषयवस्तु स्मरण गर्न या कण्ठस्थ गर्न सकेको छ भनी बुझ्न खाली विषयगत जाँचबाट मात्र गरिन्थ्यो । त्यसले विद्यार्थीमा धारणा सीपभन्दा पनि कण्ठ पार्ने बानीको विकास गराउँथ्यो । तर, आज शिक्षा मानिसको सम्पूर्ण क्षमताको विकासँग सम्बन्धीत भएको छ । अर्थात्, विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनु वर्तमान शिक्षाको महत्वपूर्ण उद्देश्य बनेको छ । प्रत्येक अभिभावक तथा शिक्षकले आफ्ना नानीहरुलाई शिक्षित बनाउने शिलशिलामा उनीहरुमा प्राप्त संज्ञान तथा सीपलाई वृद्धि भएको अवस्थामा हेर्न चाहन्छन् । यसले उनीहरुको अभिवृद्धि पक्ष सबल बन्न सक्एको छ भन्ने धारणा अभिभावकमा रहन्छ । हालसम्म भएका शैक्षिक मूल्याङ्कनसम्बन्धी मन्थनबाट परीक्षाबाट जाँचिने कुराका साथमा अन्य सम्पूर्ण उपलब्धिको जाँच गर्ने साधन नै मूल्याङ्कन प्रणालीमा स्थापित हुनु पर्दछ । परीक्षा त मूल्याङ्कनका विभिन्न उपकरणमध्ये एउटा

प्रकृया मात्रै हो । आधुनिक मूल्याङ्कन प्रणाली प्रयोग गरेर विद्यार्थी मात्रैको नभई सम्बन्धीत सबै पक्षको प्रतिविम्ब मूल्याङ्क प्रणालीमा स्थापित हुनुपर्दछ ।

यस प्रकार मूल्याङ्कनको प्रकृति बौद्धिक एवं विषयगत प्रक्रियाको रुपमा रहनु, शैक्षिक कार्यक्रमको एउटा अभिन्न अङ्गको रुपमा रहनु, परीक्षण कार्यक्रमभन्दा अझ विस्तृत र व्यापक हुनु, निरन्तर रुपमा शिक्षण प्रकृयामा लागुहुनु र मापन पछिको व्याख्यात्मक एवं प्रयोगात्मक चरणमा पुग्नु नै मूल्याङ्कनका उपादेयता हुन् ।

मूल्याङ्कन विद्यालयमा पढ्ने सामान्य बालबालिकादेखि क्रमश : ठूलाठूला शिक्षाविद्सम्म व्यापक रुपमा रहन्छ । मानव इच्छाशक्तिको शैक्षिक पक्षसँगै जीवनका यावत् पक्षको मूल्याङ्न गरेर उचित कार्य सम्पादन गर्न मूल्याङ्कनको औचित्य रहन्छ । यसैले विभिन्न शिक्षाविद्हरुले आफ्ना अभिमत निम्न अनुसार अघि सारेको देखिन्छ ।

पाश्चात्य विद्वान् स्टाफले बिमका भनाइ अनुसार “मूल्याङ्कन भनेको निर्णय गर्नलाई सूचना प्रदान गर्ने विज्ञान हो ।” त्यसैगरी शिक्षाविद् थर्नडाइक र ह्यागनको भनाइमा - “शिक्षाको कुनै एउटा पक्षको उद्देश्य पहिचान गर्न र ती उद्देश्यहरु कुन मात्रामा उपलब्ध भए भनेर मूल्याङ्कन निर्धारण गर्ने एउटा पूर्ण प्रक्रिया नै मूल्याङ्कन हो ।”

यस्तै, अर्का विद्वान् ग्रण्डलेण्डका भनाइ अनुसार - “विद्यार्थीहरुले प्राप्त गरेका शैक्षिक उद्देश्यहरुको मात्रा निश्चय गर्ने एउटा मूल्याङ्कन हो ।”

यसरी विभिन्न विद्वानहरुले दिइएका परिभाषा अनुसार मूल्याङ्कनलाई अलग अलग रुपमा परिभाषित गरेका छन् । तर, सबैको परिभाषाले पुष्टि गरेको मिल्ने कुरा भनेको मूल्याङ्कन एक सर्वमान्य प्रकृया हो भन्न सकिन्छ । मूल्याङ्कनकै आधारमा सम्पूर्ण शैक्षिक कार्यक्रमको आन्तरिक वा बाह्य रुपमा लेखाजोखा गर्ने प्रक्रिया भएका कारण शैक्षिक जनशक्तिको मापन एवं मूल्याङ्कनका लागि यसको उपदेयता रहेको पाइन्छ ।

मूल्याङ्कन जीवनको हरेक पक्षमा महत्वपूर्ण मानिन्छ । हरेक व्यक्तिको जन्मदेखि मृत्यु पर्यन्त मूल्याङ्कन भईरहेको हुन्छ । तर, अचेल मूल्याङ्कनको व्यापक अर्थ र क्षेत्रको सट्टा विद्यालय र

शैक्षिक कार्यक्रममा यसको धेरै प्रयोग हुने गरेको पाइन्छ । हरेक क्षेत्र र योजनाको आवधिक वा वार्षिक मूल्याङ्कन हुनुपर्दछ, जसबाट प्राप्त उपलब्धिलाई अंकन गर्न सकिन्छ । बिना अंकन कसैको पनि स्तर मापन गर्न सकिँदैन । स्तरमापनका निम्ति अंकनको आवश्यकता पर्दछ र अंकनका निम्ति निश्चित आधारविन्दु तयार गरिनु पर्दछ र तिनै आधारस्तम्भको सहयोगमा मूल्याङ्कन गरिनु पर्दछ । यस्ता मूल्याङ्कनबाट पृष्ठपोणका निम्ति होस् वा स्तरोन्नतिका निम्ति होस् जसरी भएपनि सहयोग पुग्न सक्छ । बिना मूल्याङ्कन दक्षताको वा क्षमताको पहिचान हुन सक्दैन, तसर्थ मूल्याङ्कन हरेक क्षेत्रमा आवश्यक मानिन्छ ।

अन्य क्षेत्रमा समेत आवश्यक रहेको मूल्याङ्कन शिक्षा क्षेत्रमा अनिवार्य र अपरिहार्य रहन्छ । शिक्षा क्षेत्रमा विद्यार्थीको उपलब्धिको मापनको मुख्य आधार नै मूल्याङ्कन हो । बिना मूल्याङ्कन विद्यार्थीको स्तर निर्धारण गर्न सकिँदैन । सिकाइ उपलब्धिबीच र ग्रहण उपलब्धिबीच दुबै क्षेत्रको जानकारीको निम्ति मूल्याङ्कन हुन महत्वपूर्ण मानिन्छ । मूल्याङ्कनलाई विविध दृष्टिकोणले वर्गीकरण गर्न सकिन्छ । अचेल शिक्षामा निरन्तर मूल्याङ्कनका क्रमहरु सञ्चालनमा आएका छन् र प्राथमिक तहका विद्यार्थीहरुको मूल्याङ्कनमा यो प्रक्रियालाई प्रभावकारी मान्न थालिएको छ । निरन्तर मूल्याङ्कनले विद्यार्थीको स्तरोन्नति वा कक्षा उर्तीण गराउने क्रममा सहयोग पुर्‍याएको देखिएको छ । यस्तो निरन्तर मूल्याङ्कन प्रक्रिया त्रुटि रहित छैन । कतिपय विद्वानहरुले मूल्याङ्कन र परीक्षालाई पृथक रुपमा ब्याख्या गरेको पाइन्छ तर सीमित समयावधिमा गरिने भएपनि परीक्षा पनि मूल्याङ्कन नै हो । आधारभूत कक्षासम्म निरन्तर मूल्याङ्कन प्रक्रिया प्रभावकारी हुन सक्दछ तर त्यसका निम्ति दक्ष र कुशल शिक्षकको आवश्यकता पर्दछ । यसरी मूल्याङ्कन गर्ने शिक्षकले सबै विद्यार्थीलाई नजिकबाट चिनेको हुनुपर्दछ । निरन्तर मूल्याङ्कनबाट उच्च उपलब्धि देखाएका प्राथमिक तहका कति विद्यार्थीको पढाइ, लेखाइ शून्य रहेको समेत पाइन्छ । तसर्थ, यस किसिमको मूल्याङ्कनलाई प्रभावकारी बनाउन प्रभावकारी तालिम र प्रभावकारी वातावरणको समेत आवश्यकता रहन्छ । प्राथमिक वा आधारभूत कक्षासम्म अन्तर मूल्याङ्कन प्रभावकारी भए पनि माध्यमिक वा उच्च शिक्षामा यो सम्भव हुँदैन । निरन्तर मूल्याङ्कन प्रक्रियाका अतिरिक्त परम्परागत रुपमा सञ्चालन हुँदै आएका विभिन्न आवधिक वा वार्षिक परीक्षाहरु समेत मूल्याङ्कनका महत्वपूर्ण स्रोत हुन् । दक्ष शिक्षक र वातावरणबिना गरिने निरन्तर मूल्याङ्कनमा परीक्षा प्रणाली विश्वासिलो हुन जान्छ । सीमित समयमा भएपनि लिखित परीक्षाले विषयवस्तुको जानकारी बारे स्पष्ट गराउँछ । निरन्तर

मूल्याङ्कनलाई पूरै बेठिक भनिएको होइन तर त्यसका निम्ति तालिम लगायत विविध वातावरण सृजना गर्न सक्नुपर्दछ । पन्ध्र वा महिना दिनपछि शिक्षकले एक ठाउँमा बसेर रेजा लगाएका भरमा सही नतिजा आउन सक्दैन ।
यस प्रकार माथि उल्लेख गरे अनुसार विद्यार्थीहरुको निरन्तर मूल्याङ्कनद्वारा प्राथमिक तहका बालबालिकाहरुको सबै शैक्षिक पक्षहरुको मूल्याङ्कन गरी उदार कक्षोन्नति व्यवस्था अपनाएर नकरात्मक शैक्षिक सूचाकांकहरु कक्षा छाड्ने दर कक्षा दोहोऱ्याउने दर र टिकाउ दरमा सवलीकरण गर्ने नीति नेपाल सरकारले लिए तापनि त्यो कार्यान्वयन हुन सकेको छैन ।

निरन्तर मूल्याङ्कनका पाँच ओटा तत्वहरु रहेका छन् । ती क्रमशः कक्षा क्रियाकलाप, परियोजना कार्य, व्यवहारमा परिवर्तन, सिकाइ उपलब्धि र हाजिरी । यिनै पाँचबटा एकाईलाई मान्यता दिएर विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्दै जानु पर्ने हुन्छ ।

परियोजना कार्य विद्यार्थीलाई सिकाइमा समान सक्रिय र उच्च सहभागिता सुनिश्चित गराउने एउटा उद्देश्यपूर्ण क्रियाकलाप हो । यसमा कुनै कार्य गर्ने वा कुनै वस्तुको निर्माण गर्ने सम्बन्धी समस्याका पूर्ण सामाधान गर्ने प्रयास गरिन्छ । यो एक उद्देश्य पूर्ण क्रियाकलाप हो । जसमा विद्यार्थीहरु मानसिक तथा शारीरिक दुबै थरीका क्रियाकलापमा संलग्न हुन्छन् । ठोस परिमाणमा निकाल्छन् । परियोजना कार्यमा विद्यार्थीले सर्बप्रथम काम वा समस्या वा मुद्दामा स्पष्ट भई योजनाका साथ कार्य गरी ठोस परिणाम निकाल्छन् । यसमा विद्यार्थीको प्रत्यक्ष संलग्नता हुने भएकाले कार्यकलापहरुको व्यवस्थापन विद्यार्थीहरुका दृष्टिकोणबाट गरिन्छ । शिक्षकले परियोजनाको उद्देश्य प्राप्तिका लागि सहजीकरण गर्दछन् । यहाँ शिक्षकको काम सहजकर्ता हुनु हो भने विद्यार्थीहरु पूर्णरुपले क्रियाकलापमा सक्रिय सहभागी हुन्छन् ।

सर्बप्रथम अमेरिकी शिक्षाविद् जोन डिवेको प्रयोजन वादको सिद्धान्तमा आधारित उनका शिष्य डब्लु.एच.किन बेरिकले सन् १९१८ मा सामान्य शिक्षाको क्षेत्रमा एक निश्चत शिक्षण विधिका रुपमा परियोजना कार्यलाई प्रतिपादित गरेका हुन् ।

मौलिकता र सृजनात्मकताको प्रयोग आदिको बारेमा स्पष्ट जानकारी हुन्छ । योजनाबद्ध तरिकाले उद्धेश्य प्राप्तिका लागि गर्नु पर्ने काम वा समस्या वा मुद्दामा ब्यक्तिगत वा सामुहिक रुपमा (कार्य प्रकृति हेरेर) विद्यार्थी संलग्न हुनछन् । शिक्षकले सम्पन्न गर्नुपर्ने कामका उद्देश्य वा

सिक्नुपर्ने कुराहरु क्रियाकलाप विधि आदिका बारेमा स्पष्ट पार्न सहयोग गर्दछन् । विद्यार्थीहरु योजनाबद्ध रुपले कार्य गरी ठोस परिमाण निकाल्दछन्, त्यसको लेखाजोखा गर्दछन् परिमाण निकाल्न सफल भए खुसी भई आपसमा बाँड्छन् र सहकार्यको प्रशंसा गर्छन् । सहकार्यमा रमाउँछन्, के सिकियो भन्नेमा छलफल गरी राम्रो परिमाणका लागि उत्साहित हुन्छन् । रुचिपूर्ण तरिकाले उद्देश्य प्राप्तिका लागि सहभागी हुन्छन् । भविष्यमा अझ बढी सृजनशील, जगरुक, र मिहिनेती हुने प्रयास गर्छन् ।

सामाजिक अध्ययन शिक्षणका क्रममा विद्यार्थीहरुलाई ग्राफ, चार्ट एबम् डायग्राम निर्माण चित्र संकलन, क्षेत्र भ्रमण, प्रश्नावली अन्तर्गत सूची निर्माण, प्रतिवेदन तयार आदि परियोजना कार्यमा संलग्न गराउन सकिन्छ ।

परियोजना कार्य विद्यार्थीका वास्तविक आवश्यकता एवं विद्यार्थीले चाहेको कुरा प्राप्त गर्न सक्ने खालको भएमा विद्यार्थीको लागि रुचिकर हुन्छ । त्यसैले शिक्षकहरुले विद्यार्थीका लागि उपयोगी हुने, सिक्ने अवसर पाउने, दैनिक जीवनका आवश्यकतासँग सम्बन्धीत विषय वस्तुमा परियोजना कार्य लगाउनु पर्छ । भविष्यका लगि ब्यावहारिक हुने, प्रतिभा विकासमा सहयोग पुऱ्याउने खालको परियोजना कार्यमा संलग्न हुने अवसर प्रदान गरेमा परियोजना कार्यले विद्यार्थीलाई काममा सक्रिय हुन, कर्मशील हुन तथा कर्मयोगी जीवनयापन गर्न सहयोग पुग्छ । परियोजना कार्य त्यसैका लागि अभ्यास हो । गर्न चाहेको कामको चिन्तन गर्ने, ब्यवाहारिक योजना बनाउने र योजना अनुरुप कार्य गर्ने, कार्य प्रतिक्रिया तथा प्रतिफलको लेखाजोखाबाट विद्यार्थीहरु कुनै पनि कामलाई क्रमबद्ध उद्देश्योन्मुख भई सम्पन्न गर्ने तथा सीपको विकास हुने हुँदा परियोजना कार्य बिना विद्यार्थीको मूल्याङ्कन अधुरो हुने हुँदा परियोजना कार्यलाई निरन्तर मूल्याङ्कन प्रणालीको महत्वपूर्ण र अपरिहार्य साधनको रुपमा लिनुपर्दछ ।

## १.२. समस्याको कथन

विद्यार्थीका सिकाइ उपलब्धिहरुको मूल्याङ्कन नगरे उनीहरुले हासिल गरेका उपलब्धिहरु के कति मात्रामा भयो भन्ने कुरा थाहा पाउन सकिँदैन । एक पटकको मूल्याङ्कनबाट सही नतिजा निकाल्न सकिदैन । परीक्षण गरिने साधनले मात्र विद्यार्थीको उपलब्धि मापन गर्न सकिँदैन । शिक्षाको गुणस्तर अभिबृद्धि गर्नका लागि निरन्तर मूल्याङ्कन प्रणाली अत्यावश्यक र महत्वपरुर्ण

हुने तथ्यलाई नकार्न सकिदैन । तर, यसको प्रभावकारिता भने कतिपय तत्वमा निर्भर गर्दछ । ती तत्वहरु क्रमशः कक्षाकार्य, परियोजना कार्य, ब्यवहारमा परिवर्तन, सिकाइ उपलब्धि र हाजिरी रहेका छन् । दैनिक रुपमा निरन्तर मूल्याङ्कनका सबै तत्वहरुको परिचालन तथा निरन्तर मूल्याङ्कन गर्नु पर्ने र सुधार गर्दै जानु पर्ने हुन्छ । विद्यालयमा गुणस्तर सबल नभएको गुनासो यत्रतत्र सुनिन थालेको छ । नेपाल जस्तो विविधता युक्त समाजमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई महत्वपूर्ण बनाउन प्रभावकारी कार्यान्वयनको आवश्यकता देखिन्छ । हाल कतिपय विद्यालयहरुमा आवधिक परीक्षालाई नै विद्यार्थीको मूल्याङ्कनको औपचारिक माध्यममा कमीकमजोरीहरु र समस्याहरु रहेका छन् ।

विद्यार्थीको वैयक्तिक भिन्नतलाई मूल्याङ्कनकर्ता र मूल्याङ्कन प्रणालीमा राम्रो ध्यान पुग्न नसकेकोमा मूल्याङ्कनको परिणाम राम्रो हुन सक्दैन । विद्यार्थीको पनि आफ्नै कठिनाई हुन सक्छन् । त्यसैकारण मूल्याङ्कनकर्ताले विद्यार्थीको वास्तविक अवस्थाको पत्तो लगाउन निर्माणात्मक एवं निर्णयात्मक मूल्याङ्कन विधि अपनाउने गरिन्छ । यसका लागि कक्षामा गराइने अभ्यास, गृहकार्य, परियोजना कार्य, विशिष्टीकरण मूल्याङ्कन जस्ता विधिहरु अपनाउँदै विद्यार्थीको निरन्तर निगरानी र मूल्याङ्कनबाट उसको सही अवस्था पत्ता लगाउन सकिन्छ । मूल्याङ्कनलाई प्रभावकारी बनाउन परीक्षालाई साधन बनाइने गरिएको हुँदा प्राथमिक तहको अन्त्यमा लिइने जिल्ला स्तरीय परीक्षामा प्रश्नहरुको उत्तर अनिवार्य रुपमा तयार गर्ने र सोही अनुरुप उत्तरपुस्तिका कुञ्जिका जाँच्ने कार्य सिद्धान्त अनुरुप एकनासले सञ्चालन हुन सकिरहेको छैन । कक्षा कार्यका माध्यमबाट विद्यार्थीको व्यवहारमा अपेक्षाकृत परिवर्तन ल्याउन सकिएको छैन । त्यसैगरी कक्षा छाड्ने दर, कक्षा दोहोऱ्याउने दर र सिकाइ उपलब्धिका दरमा राम्रो अवस्था ल्याउन सकिएको छैन । सही मूल्याङ्कन गर्न नसकिएका कारण ठूलो मात्रामा शैक्षिक क्षति हुन पुगेको छ । यसर्थ, मूल्याङ्कन कार्यलाई सही एवं विश्वसनीय बनाउन विद्यार्थी भर्ना गरिएको अवस्थादेखि नै उसका सर्वपक्षीय कार्य र अवस्थितिको निरन्तर मूल्याङ्कन सञ्चालन अनिवार्य रहन्छ । अभिभावक, शिक्षक तथा विद्यार्थीबीचको त्रिकोणात्मक सम्बन्ध र समन्वयबाट मात्रै सही मूल्याङ्कन गर्न सकिने कुरा विभिन्न उदाहरणबाट प्रष्ट हुन आएको छ ।

यसरी मनन गर्दा परियोजना कार्यमा विद्यार्थीहरु स्वयंको संलग्नतामा उद्देश्य पूर्ण तरिकाले स्वाभाविक स्थितिमा काम पूरा गर्दछन् । यसमा प्रत्येक विद्यार्थीलाई परियोजना कार्य किन गर्ने

? यसबाट के के सिक्ने यसको उद्देश्य के हो ? प्रतिफल के हो ? यो कार्य कसरी सम्पन्न गर्न सकिन्छ ? के के का कसरी पूरा गर्न सकिन्छ ? के के काम कसरी पूरा गर्नुपर्छ अर्थात क्रियाकलाप विधि कस्तो हुन्छ ? मेरो अध्ययनमा प्राथमिक तहको मूल्याङ्कन नीति र प्रकृयामा सक्षम र सबल बन्ने सकेको छैन । त्यसमा पनि विद्यार्थीको निरन्तर मूल्याङ्कनद्वारा उदार कक्षोन्नति गर्ने परिपाटीको थालनी हुन सकेको छैन । त्यसैले ठूलो शैक्षिक क्षति हुन गइरहेको छ । जसले गर्दा सम्पूर्ण शिक्षाको गुणस्तरमा नै प्रश्नचिह्न खडा गरिदिएको छ । निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा देखिएका समस्या तथा समाधानका लागि अवलम्वन गरेको नीति यस अध्ययनको मुख्य समस्याका रुपमा रहेको छ । निरन्तर मूल्याङ्कन प्रणालीमा मुख्य भूमिका निर्वाह गर्ने शिक्षकहरुलाई त्यसको कार्यान्वयनमा किन समस्या हुन्छ, चुनौति के कुरामा छ ? आदिका पक्षमा निरन्तर मूल्याङ्कन प्रणाली लागु भएको प्राथमिक विद्यालयमा लागु हुनुभन्दा अगाडि र लागु भैसकेपश्चात् विद्यार्थी भर्ना कस्तो किसिमको रहेको छ ? जस्ता पक्षका साथै निरन्तर मूल्याङ्कन सम्बन्धमा परियोजना कार्यको कार्यान्वयनमा परेको समस्या, निरन्तर मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरुको विचार कस्तो रहेको छ ? भने जस्ता महत्वपूर्ण पक्षहरुमा सूचना सङ्कलन गरी त्यसका आधारमा सत्यतथ्य पत्ता लगाउनुलाई नै यस अध्ययनको मुख्य समस्याका रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

शैक्षिक क्षेत्र अन्तर्गत विभिन्न किसिमका समस्याहरु हुन सक्छन् । शिक्षा क्षेत्रसँग सम्बन्धीत रही गरिने अध्ययनका मुख्य औचित्य शिक्षा क्षेत्रमा रहेका विद्यमान समस्याहरु मध्ये निरन्तर मूल्याङ्कन प्रणाली अन्तरर्गत परियोजना कार्यमा रहेका समस्याहरु कमीकमजोरीहरु तथा त्यसका बस्तुस्थितिका बारेका यथार्थ सूचना प्रप्त  गरी ती सूचनाहरुको आधारमा निष्कर्ष निकाली संबन्धित क्षेत्रमा समस्या समाधानका लागि सल्लाह तथा सुझावहरु प्रदान गर्नु रहेको छ । नेपालमा बिगत ५ दशकदेखि शिक्षाको योजनाबद्ध विकास शैक्षिक क्षेत्रको विस्तार र सुधार, मूल्याङ्कन प्रणालीको सुधार गर्ने कार्य हुँदै आएको भए तापनि आजसम्ममा यस विकासले तीब्र गति लिन सकेको अवस्था छैन । परिमाणत्मक भन्दा गुणात्मक विकासमा पनि उत्तिकै ध्यान दिनु आवश्यक छ । यसो भएमा मात्र लगानी अनुसारको प्रतिफल प्राप्त हुन्छ । अनि मात्र विद्यमान शैक्षिक क्षतिलाई न्यून गर्न सकिन्छ  (कार्की,  २०६६)।

वर्तमान अवस्थामा मूल्याङ्कन जस्तो पक्षले गति लिन सकेको देखिँदैन । प्राथमिक तहमा निरन्तर मूल्याङ्कनद्वारा सिकाइ उपलब्धि लेखाजोखा गरिनु, परियोजना कार्य संचालन गर्नु, क्रियाकलापमा आधारित शिक्षण सिकाइ हुनु, विद्यार्थीको व्यवहारमा परिवर्तन गरिनु जस्ता महत्वपूर्ण पक्षहरुमा त्यति धेरै सुधार हुन सकेको छैन । पूर्वप्राथमिक कक्षाका विद्यार्थीले कक्षा छाड्ने र दोहोऱ्याउने दर सबै भन्दा उच्च देखिनुले पनि यस कुराको पुष्टि गर्दछ । (शर्मा एण्ड शर्मा , २०६७)

सिकाइ उपलब्धि सम्बन्धी सूचना प्राप्त गरी त्यसका आधारमा विद्यार्थीलाई समयमा नै पृष्ठपोषण गरी सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । यसका लागि निरन्तर मूल्याङ्कन गरिनु, परियोजना कार्य गरिनु आवश्यक छ । प्राथमिक तहमा निरन्तर मूल्याङ्कनको प्रभाबकारिता अत्यन्तै महत्वपूर्ण हुन्छ । किनभने प्राथमिक तह विद्यार्थीको आधार शिक्षा हो । तर शिक्षकले यसलाई प्रभावकारी ढङ्गबाट लागु गर्नु पर्छ ।

प्रभावकारी मूल्याङ्कन प्रणाली प्रभावकारी रुपमा लागु हुन नसकेको वर्तमान अवस्था छ । साथै परियोजना कार्य पनि नियमित रुपमा संचालन हुन नसकेको अवस्था छ । यस अध्ययनको शीर्षकद्वारा निरन्तर मूल्याङ्कन प्रणली र परियोजना कार्यको प्रभावकारिता कस्तो रहेको छ ? कार्यान्वयन कस्तो छ ? भन्ने पक्षको झलक दिने निश्चित छ । यस अध्ययनले निरन्तर मूल्याङ्कन प्रणाली र परियोजना कार्यको महत्व र अवधारणा तथा उचित अनुचित के हो ? जस्ता पक्षमा केन्द्रित भै खोज गरिने कार्यलाई औचित्यको रुपमा लिईने छ ।

अध्ययनको औचित्य शैक्षणिक कार्यको सुधार एवं संबर्द्धनमा आधार बन्ने सक्ने र निरन्तर मूल्याङ्कन अन्तरगत परियोजना कार्यबाट मूल्याङ्कन कार्यमा देखिएका समस्याहरुलाई केही हदसम्म निराकरण गर्न सहयोगी हुन सक्ने हुन्छ । त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तहको द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि समेत सहयोग पुग्ने छ ।

## १.४. अध्ययनको उद्देश्य

यस शोधपत्रका निम्नानुसार उद्देश्यहरु रहेका छन् ।

(१) निरन्तर मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था पत्ता लगाउने ।

(२) विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन विश्लेषण गर्ने ।

(३) निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको उपलब्धिको विश्लेषण गर्ने ।

(४) निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानगरी सुधारका उपाय सुल्झाउन ।

## १.५ अनुसन्धनात्मक प्रश्न

यस अन्तर्गत निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरु राखिने छ ।

(१) निरन्तर मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था कस्तो छ ?

(२) विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन के कसरी गरिएको छ ?

(३) निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यले कस्तो उपलब्धी हासिल गराएको छ ?

(४) निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको कार्यान्वयनमा कस्ता कस्ता समस्याहरु देखिएका छन् र समाधानका उपाय के के हुन् ? ।

## १.६ अध्ययनको परिसीमा

कुनै पनि विषयवस्तुको अध्ययनको क्रममा निश्चित सीमानाहरुमा बाँधिनुपर्ने हुन्छ । कुनै पनि विषयका सबै पक्षका अध्ययन एकै विषय, समय र क्षेत्रबाट हुँदैन । यो अध्ययनमा झापा जिल्ला दमक स्रोतकेन्द्र भित्र रहेका १६ वटा विद्यालयहरुमध्ये ५ वटा सामुदायिक विद्यालयका १ देखि ४ कक्षाका विद्यार्थीहरुको मूल्याङ्कन प्रणालीमा आधारित बनाइएको छ । साथै, ती ५ वटा विद्यालयका विद्यार्थी, शिक्षक, प्र.अ., वि.व्य.समिति र स्रोत केन्द्रका स्रोत व्यक्ति, वि.नि. र अभिभावक र समाजसेवीहरुमा सीमित रहेको छ ।

# परिच्छेद  दुई : सम्बन्धीत साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

यस परिच्छेदमा अध्ययनको शीर्षकसँग सम्बन्धीत लेख रचना अनुसन्धान प्रतिवेदन विभिन्न सिद्धान्तलाई आधारका रुपमा लिइएको छ । यिनै साधनहरुको आधारमा शोध अध्ययन विश्लेषण गरिएको छ ।

## २.१. सम्बन्धीत साहित्यको पुनरावलोकन

कार्की, २०६६, प्राथमिक तह पूरा गर्नेको संख्या वृद्धि गर्न बीचमा नै कक्षा छाड्ने प्रवृत्ति कम गरी शैक्षिक क्षति न्यून गर्न, परीक्षाको त्रासबाट मुक्त राख्न, कमजोर सिकाइको क्षेत्रमा समयमा नै पुनर्सबलीकरण गरी सुधारात्मक शिक्षण गर्नुका साथै परीक्षमा लाउने अनावश्यक खर्च र समय बचत गरी उक्त समयलाई पठन-पाठन कार्यमा लगाउने निरन्तर विद्यार्थी मूल्याङ्कन विधि सान्दर्भिक हुने देखिन्छ । ( प्राथमिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली सम्बन्धी एक अध्ययन, सुकुना अप्रकाशित सोध ।)

निरन्तर मूल्याङ्कन विधिको माध्यमबाट बालबालिकामा भएको सिकाइ प्रगतिको क्रम थाहा पाउन सकिन्छ । परियोजना कार्यबाट विद्यार्थीहरुको कमी कमजोरीहरु समयमा नै पत्ता लगाई सुधार गर्न सकिन्छ । कक्षगत सिकाइ उपलब्धि, विद्यार्थीका परियोजना कार्य, कक्षा कार्य, हाजिरी, व्यवहारमा परिवर्तन आदि सबै पक्षको अभिलेखमा चढाई त्यसको आधारमा मूल्याङ्कन गर्नुपर्दछ । कक्षा सञ्चालन भइरहेको अवस्थामा देखिएका कमी कमजोरी सुधार गरी कुन क्षेत्र वा विषयमा थप पृष्ठपोणको आवश्यकता पर्दछ, वास्तविक समस्याको उपचार तत्कालै गरी अपेक्षा गरिएको सिकाइ उपलब्धि पूरा गर्न सकिन्छ ।

लम्साल २०६२,  विद्यार्थीको शैक्षिक उपलब्धि स्तर निर्धारण गरी थप सिकाइका लागि मार्ग निर्देशन गर्न मूल्याङ्कनको आवश्यकता पर्दछ । निश्चित समयावधिमा विद्यार्थीले कति सिके, कति जाने भनेर पत्ता लगाई नजानेका विषयमा सुधार्ने र फेरि सिक्ने मौका दिई सिकाइ

क्रियाकलाप सँगसँगै निरन्तर रुपमा मूल्याङ्कन गरिने प्रक्रियालाई निरन्तर मूल्याङ्कन भनिन्छ । *प्राथमिक शिक्षामा निरन्तर मूल्यांकन कार्यपत्र*, शैक्षिक तालिम केन्द्र, सुर्खेत ।

बालबालिकालाई विद्यालयमा टिकाई राख्ने र स्तर निर्धारण गर्नु एउटा मुख्य चुनौति समाधान गर्न यो निरन्तर मूल्याङ्कन अत्यन्त आवश्यक मानिन्छ ।

प्राथमिक तहमा कक्षामा असफल हुने, बीचैमा कक्षा छाड्ने, कक्षामा अनियमित हुने, परीक्षाको भय हुने, विद्यार्थीलाई दैनिक क्रियाकलाप, हाजिरी, कक्षाकार्य, गृहकार्य, परियोजना कार्यमार्फत् व्यवहारमा परिवर्तन गराई माथिल्लो कक्षामा चढाउन यो निरन्तर मूल्याङ्कन व्यावहारिक र उपयोगी सावित भएको छ ।

श्रेष्ठ २०६० निरन्तर मूल्याङ्कन अध्ययन अध्यापन भइरहेको बखतमा गरिने हुँदा यो मूल्याङ्कन शिक्षण सिकाइको एउटा अभिन्न अङ्ग हो । प्रत्येक दिन प्रत्येक पाठमा विद्यार्थीले के कति सिके भनेर क्रमिक रुपमा मूल्याङ्कन गरिरहनु निरन्तर मूल्याङ्कनको साधन हो । यी साधनहरुको आधारमा विद्यार्थीको सिकाइ उपलब्धिहरु निरन्तर रुपमा मूल्याङ्कन गरिन्छ *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार*, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

निरन्तर मूल्याङ्कन प्रत्येक दिन गरिने हुँदा विद्यार्थीले नसिकेका कुराहरु समयमा जानकारी गरेर उनीहरुलाई सुधारात्मक शिक्षण गर्नु र थप कार्यहरु गर्न लगाई सिकाइ उलब्धिको वृद्धि गर्न सकिन्छ । हाजिरी के कति छ सुनाई बोलाई कक्षाकार्य र परियोजना कार्य गराएर व्यवहारमा परिवर्तन गर्न सकिन्छ । कमी कमजोरी समयमै पत्तो लगाएर सुधार गराउन सकिन्छ ।

निरन्तर मूल्याङ्कन प्रणालीलाई सफल कार्यान्वयनका लागि यस मूल्याङ्कन प्रणाली अर्न्तगत रहेका तत्वहरुमध्ये परियोजना कार्य पनि एक प्रमुख तत्वको रुपमा लिइन्छ । शिक्षणका सम्बन्धमा परियोजना कार्य भन्नाले शिक्षकका निर्देशनमा रही विद्यार्थीहरुको समूहमा वा व्यक्तिगत रुपमा सम्पन्न गर्नु पर्ने कार्य भन्ने बुझिन्छ । परियोजना कार्यमा विद्यार्थीलाई निश्चित वा तोकिएको कार्य निश्चित अवधिमा सम्पन्न गर्न लगाइन्छ । परियोजना कार्यले विद्यार्थीलाई काममा सक्रिय हुन, कर्मशील हुन तथा कर्मयोगी जीवनयापन गर्नमा सहयोग गर्दछ । कामको

बारेमा चिन्तन गर्ने, व्यावहारिक योनजा बनाउने र योजना अनुरुप कार्य प्रक्रिया तथा प्रतिफलको लेखाजोखाबाट विद्यार्थीमा कुनै पनि कामलाई क्रमबद्ध उद्देश्य उन्मुख भई सम्पन्न गर्ने क्षमता तथा सीपको विकास हुन्छ ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि निम्न अनुसारका सिद्धान्तहरुलाई प्रयोग गरी कार्य गरिने छ ।

टाइलर (१९३०) ले शैक्षिक प्रक्रियालाई सुधार, विकास र सक्षम बनाउन मूल्याङ्कनलाई कसरी प्रयोग गर्ने भन्ने बारेमा खोज गरे । यस क्रममा शैक्षिक कार्यक्रमको उद्देश्यहरु कति प्रष्ट भए त्यसको लेखाजोखा गर्नु नै मूल्याङ्कन हो भन्ने निष्कर्षका साथ उनले उद्देश्य उन्मुख मूल्याङ्कन विधि प्रकाशनमा ल्याए । यस नमुना अनुसार कार्यक्रमका सम्पूर्ण क्रियाकलाप प्रक्रिया, संगठन र साधनहरु सबै उद्देश्य उन्मुख हुनुपर्दछ । टाइलरको विचारमा उद्देश्य कति हदसम्म पूरा भए भन्ने समीक्षा नै मूल्याङ्कन हो । कुनै पनि विद्यालय कार्यक्रम वा पाठ्यक्रमका शैक्षिक उद्देश्यहरु कति प्रष्ट भए भनेर निर्धारण गर्ने प्रक्रिया नै मूल्याङ्कन हो
(कार्की २०६६ बाट उद्धृत) ।

टाईलर वैज्ञानिक व्यवस्थपनका पिता मानिन्छन् । उनका अनुसार सबै पद्धतिहरु वैज्ञानिक मानिन्छन् । अन्य विद्वान्हरुको विचार मनन गर्दा मूल्याङ्कन प्रणाली समय सापेक्ष परिवर्तन गर्दै वैज्ञानिक विधि अपनाउनु पर्ने र सो अनुरुप निरन्तर मूल्याङ्कन प्रणालीलाई सरल एवं सहज बनाउँदै शिक्षकलाई तालिम र निर्देशन दिनु उपयुक्त हुन्छ । शिक्षाबाट सकेसम्म बढी उपलब्धि हाँसिल गर्ने ढङ्गले शैक्षणिक कार्यक्रम परिचालन गर्नुपर्ने हुन्छ । मूल्याङ्कन प्रणालिमा धेरै काम गर्नेले धेरै ज्याला पाए झैं पठनपाठनमा राम्रो गर्नेले राम्रो अङ्क ल्याउने तथा छिटो र सही शैक्षणिक सूचाङ्क हाँसिल गर्नेले छिटो कक्षा चढाउने व्यस्था मिलाउनुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई वैज्ञानिक आधारमा अघि बढाउनु पर्दछ ।

हेमाण्डको विचारमा कुनै पनि कार्यक्रमको सफलता या प्रभावकारिता कार्यक्रमको विभिन्न पक्ष या चरणको अन्तरक्रियामा भर पर्दछ । उनले प्रस्तुत गरेका चरणहरु क्रमश : व्यवहारिक पक्षका चर, शैक्षणिक चर र संस्थागत चर (कार्की २०६६ बाट उदृत)
हेमण्डका अनुसार कार्यक्रम सञ्चालनमा जति बढी चर तथा उपचरहरुको प्रयोग गरिन्छ मूल्याङ्कन त्यति नै प्रभावकारी हुन्छ । तसर्थ निरन्तर मूल्याङ्कन प्रणाली पनि यस मूल्याङ्कन नमुनासँग मिल्दोजिल्दो भएको पाइन्छ । यस कार्यक्रममा जति ज्यादा चरहरु विद्यार्थी, शिक्षक, परिवार, समुदाय, विषयवस्तु, शिक्षण सिकाइक्रियाकलाप र व्यवहार प्रयोग गर्न सकिन्छ त्यति नै मूल्याङ्कन प्रभावकारी हुन्छ ।

जोन डिवेको प्रयोजनवादका सिद्धान्तमा आधारित सन् १९१८ मा सामान्य शिक्षाका क्षेत्रमा एक निश्चित शिक्षण विधिका रुपमा परियोजना कार्यलाई प्रतिपादित गरेका हुन् ।

परियोजना कार्य गरेर सिक्ने सिद्धान्तमा आधारित छ । शिक्षणका सम्बन्धमा परियोजना कार्य भन्नाले शिक्षकका निर्देशनमा रही विद्यार्थीहरुको समूहमा वा व्यक्तिगत रुपमा कार्य सम्पन्न गर्नुपर्ने हुन्छ ।

परियोजना कार्य पनि निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत एउटा प्रमुख तत्वको रुपमा रहेकाले मूल्याङ्कनका सिद्धान्तहरु यस अध्ययन शीर्षकको अध्ययनको सिद्धान्तका रुपमा लिइएको छ ।

## २.३. पुनरावलोकनको शैक्षिक उपादेयता

यस अध्ययनबाट प्राप्त तथ्याङ्कहरुको विश्लेषण गर्न प्रयोग गरिएको सिद्धान्तहरुले विद्यालयको पठन-पाठन कार्यक्रममा र विद्यार्थीहरुको शैक्षिक उपलब्धिको विकास गर्नका लागि निरन्तर मूल्याङ्कनमा परियोजना कार्य सञ्चालन गर्न सहयोग पुगेको छ । प्रस्तुत सैद्धान्तिक खाका एवं सम्बन्धीत साहित्यको पुनरावलोकनबाट अहिलेसम्म यस विषयसँग सम्बन्धीत भई स्थापित भएका सिद्धान्तहरु र सिद्धान्तले बनाएका मूलभूत पक्षहरुको अध्ययन गरी सोही अनुसार विद्यालयका प्राथमिक कक्षाहरुमा निरन्तर मूल्याङ्कन प्रणालीलाई अगाडि बढाउन सहयोग पुग्दछ ।

त्यस्तै जोन डिवेको, गरेर सिक्ने सिद्धान्तले विद्यार्थीहरुको मनोबल, सन्तुष्टि, उपलब्धि र नियमिततामा सुधार ल्याउन मद्दत गर्दछ। तसर्थ, प्राथमिक तहमा विद्यार्थीका उपलब्धि, सबल एवं कमजोर पक्षहरु केलाई दुर्बल पक्षलाई समयमा नै निदान गर्न सहयोग मिल्दछ साथै अवसर र चुनौतिहरुमा समस्या समाधानका उपयाहरु लगायत कुराहरुमा केही जानकारी गराई यस क्षेत्रमा थप नयाँ खोजी गर्न थप सहयोग पुग्ने छ। निरन्तर मूल्याङ्कन र परियोजना सम्बन्धी योजना व्यवस्थापन र कार्यान्वयनसँग सम्बन्धीत पक्षहरुमा दिशानिर्देश प्रदान गर्न सम्बद्ध सबैलाई महत्वपूर्ण आधार प्रदान गर्ने छ। यस श्रोत अध्ययनका क्रममा प्राथमिक कक्षाहरुमा निरन्तर मूल्याङ्कन प्रणालीमा व्यवस्थापन मिलाउन सरोकारवालाहरुको पहल तथा सहयोगको विश्लेषण गरिएकाले सबैलाई आ-आफ्नो जिम्मेवारीमा लाग्न प्रेरणा प्रदान गर्ने छ। वि.व्य.स. विद्यालय प्र.अ. शिक्षा कार्यालय, अभिभावक, शिक्षक, विद्यार्थी समेतलाई सहयोग पुग्ने छ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि शोधकार्य गर्नुभन्दा अगाडि अनुसन्धानलाई व्यवस्थित एवं तार्किक ढङ्गले सम्पन्न गर्न तयार पारिने योजनालाई अध्ययन विधि भनिन्छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शोधकार्यकमा बर्णनात्मक र परिमाणात्मक मिश्रित विधि प्रयोग गुतिुरएको  छ । वणनात्मक ढाचा अन्तर्गत उत्तरदात्तासगँ वृस्तृत विवरण अनुभव लिइएको छ । वस्तुर्सथितीलाई गहिरिएर अध्ययन, अवलोकन तथा अन्तरक्रियाको माध्यमबाट बुझ्ने प्रयास गरिएको छ । यसरी प्र्प्तभएको तथ्याङ्कलाई वणनात्मक र विश्लेषणात्मक ढाचको प्रयोग गरी विश्लेषणा गर्ने प्रयास गरिएको छ ।

## ३.२. जनसंख्या र नमुना

### ३.२.१ जनसंख्या

दमक नगरपालिका क्षेत्रभित्र रहेका जम्मा १६ वटा सामुदायिक विद्यालयहरुमध्ये २ वटा उच्च मावि, २ वटा मावि, ३ वटा निमावि, र १ वटा प्राविका प्र.अ. विव्यस अध्यक्ष र सदस्यहरु, शिक्षक अभिभावक संघका संयोजक र पदाधिकारी, शिक्षक, विद्यार्थी, अभिभावक, स्रोत व्यक्ति स्थानीय बुद्धिजीवी समेतलाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमुनाको आकार

दमक न.पा भित्र रहेका जम्मा १६ जटा सामुदायिक विद्यालयहरुमध्ये २ वटा उमावि (श्री हिमालय उमावि र श्री सरस्वती उमावि), २ वटा मावि, (श्री पाणिनि मावि र श्री पशुपति मावि), ३ वटा निमावि (श्री दीपिनी निमावि, श्री कृष्ण निमावि, श्री पशुपति निमावि) तथा श्री सगरमाथा प्राविका ३/३ जना शिक्षक, सम्बन्धीत विद्यालयका विव्यस अध्यक्ष तथा २/२ जना सदस्यहरु, शिअसंघका संयोजक र २/२ जना सदस्यहरु, प्रत्येक १-३ कक्षामा अध्ययन गरिरहेका

३/३ जना विद्यार्थीहरु, प्रत्येक विद्यालयका २/२ जना अभिभावकहरु, १ जना स्रोत व्यक्तिलाई नमुनाको रुपमा लिइएको छ ।

### ३.२.३ नमुना छनौट विधि

यस शोधकार्यको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न नमुना छनौट परेका ८ वटै विद्यालयका प्र.अ. विव्यास अध्ययक्ष, शिअसंघका संयोजक, स्रोत व्यक्ति र नपा पदाधिकारीको छनौट उद्देश्यपूर्ण विधिद्वारा गरिएको छ भने विद्यार्थी, विव्यास तथा शिअसंघका पदाधिकारी र अभिभावकको छनौट गर्दा सामान्य सम्भावनायुक्त छनौट विधिको प्रयोग गरिएको छ ।

### ३.३ अनुसन्धानका साधनहरू

यस शोधकर्तालाई निश्कर्षमा पुऱ्याउन तथ्याङ्क संकलन गर्ने प्रयोजनको लागि प्रश्नावली, रुजुसूची, विद्यार्थीहरुको अद्यावधिक अभिलेख, बैठक पुस्तिका र तथ्याङ्क संकलन फारमको प्रयोग गरिएको छ ।

### ३.३.१ प्रश्नावली र रुजुसूची

यस शोधकर्ताको तयारीको क्रममा प्राथमिक तथ्याङ्क संकलन गर्न ८ बटै विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी अभिभाबक, बिव्यास तथा शिअसंघका पदाधिकारी प्रत्येकलाई अलग प्रश्नावली भर्न दिइएको छ । प्रश्नावलीलाई १, २ ३ र चार अनुसूचीमा सावेश गरिएको छ ।

### ३.४ तथ्याङ्कका स्रोतहरू

यस शोधकार्यका लागि प्राथमिक र द्वितीय दुबै प्रकारका तथ्याङ्कका स्रोतहरुको उपयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोतहरु

दमक नगरपालिका भित्र संचालनमा रहेका २२ वटा सामुदायिक विद्यालयहरुमध्ये नमुनामा परेका विद्यालयका विद्यार्थी, प्र. अ., विव्यास र शिअसंघका पदाधिकारी, अभिभावक, स्रोतव्यक्ति, नपा प्रतिनिधिलाई प्रश्नावली भर्न लगाएर तथा रुजुसूचीको प्रयोग शोधकर्ता स्वयम्ले गरेर प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोतहरु

नमुनामा परेका विद्यालयका विद्यार्थीभर्ना विवरण, बैठक पुस्तिका, कक्षागत र बिषयगत औषत उपलब्धि अभिलेख, कक्षागत उत्तीर्णदर, विश्लेषण दर, अभिलेख, निर्माणमा सहभागीहरुको छलफल र निर्णय पुस्तिकालाई तथ्याङ्कका द्वितीय स्रोतको रुपमा लिइएको छ

## ३.५ तथ्याङ्क बिश्लेषण विधि

यस शोधकार्यसँग सम्बन्धीत तथ्याङ्क संकलन गरिसकेपछि तालिकीकरण गर्ने, प्रतिशतमा प्रस्तुत गर्ने, स्तम्भ चित्रमा देखाउने, तुलनात्मक अन्तर देखाउने, गुणात्मक वर्णन गर्ने कार्यगरी विश्लेषण गरिएको छ । प्रत्येक शीर्षक अनुसारका गणितीय विश्लेषणहरुलाई शोधकार्यको आधारको रुममा लिइएका सिद्धान्तहरुसँग तुलना गर्दै निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यस अध्ययनको उद्देश्य पूर्तिको लागि विभिन्न साधनको प्रयोग गरी प्राप्त हुन आएका तथ्य तथ्याङ्कहरुलाई विभिन्न उपशीर्षकमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ । एवं प्रतुतीकरण गरिएको छ । यस परिच्छेदमा प्राथमिक तह कक्षा १-५ सम्मका विद्यार्थीहरुको 'निरन्तर विद्यार्थी मूल्याङ्कन' सम्बन्धी व्यवस्थापनको र निरन्तर विद्यार्थी मूल्याङ्कनमा परियोजना कार्यको भूमिका विस्तृतरुपमा चर्चा परिचर्चा गरिएको छ । यो सोधपत्र अध्ययन सम्पन्न गर्ने क्रममा उपलब्ध भएका विभिन्न तथ्याङ्क गर्ने क्रममा उपलब्ध भएका विभिन्न तथ्याङ्कहरुको तालिकीकरण गर्नुका साथै वर्णानात्मक ढाँचाको प्रयोग गरी ब्याख्या, विश्लेषण गरिएको छ । यस अध्ययनमा विभिन्न क्षेत्रबाट प्राप्त भएका प्राथमिक र द्बितीय तथ्याङ्कलाई तालिकिकरण, स्तम्भ चित्र, वृत्त चित्र, चार्ट र अन्य सैद्धान्तिक अवधारणालाई वणात्मक तथा शास्त्रीय विधिको प्रयोग गरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको भूमिका र यसको सुधारात्मक पक्षका बारेमा जानकारी गराउन प्रयास गरिएको छ ।

## ४.१ निरन्तर मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था

निरन्तर मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था भनेको वर्तमान समयमा यो मूल्याङ्कन प्रणाली कस्तो तरिका ले चलि रहेको छ भन्ने वुझिन्छ । यस अध्ययनमा नमुना रुपमा रहेका विद्यालयहरुको निरन्तर मूल्याङ्कन सम्बन्धी वर्तमान अवस्थाको वारेमा तथ्याङ्क लिई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.१.१ कार्यसञ्चयिकाको व्यवस्थापन

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली उदार कक्षोन्नति र परियोजना कार्यको लेखा जोखा गर्ने प्रमुख आधार विद्यार्थी कार्यसञ्चयिका नै हो । विद्यार्थीलाई कार्यसञ्चयिकामा व्यवस्थित गर्न सकिएमा मात्र विद्यार्थीहरुका प्रत्येक क्रियाकलापको सजिलैसँग मूल्याङ्कन गर्न सकिन्छ । नमुना

क्षेत्रको विद्यालयहरुको विद्यार्थी कार्यसञ्चयिकाको अवलोकन गर्दा निम्न अनुसारको व्यवस्थापन भएको विवरण पाइयो ।

**तालिका नं. १ कार्यसञ्चयिकाको व्यवस्थापन**


| क्र.सं. | विवरण | शिक्षक प्र.अ. संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दराजमा व्यवस्थापन गर्ने | २ | ४० |
| २ | टेबलमा व्यवस्थापन गर्ने | १ | २० |
| ३ | बाकसमा व्यवस्थापन गर्ने | १ | २० |
| ४ | कोठामा झुण्ड्याएर व्यवस्थापन गर्ने | १ | २० |
| | **जम्मा** | ५ | १०० |

स्रोत : विद्यालय अभिलेख

माथिको तालिकामा अनुसुचि १ मा प्र.अ. शिक्षकका कार्यसञ्चयिका व्यवस्थापन सम्बन्धमा लिइएको प्रतिक्रियामा सबैभन्दा कम टेबलमाथि भन्नेमा २० प्रतिशत र सबैभन्दा बढी दराजमा भन्नेमा ४० प्रतिशत र कोठामा झुण्ड्याएर भन्नेमा २० प्रतिशत प्र.अ.को धारणा रहेको छ । अध्ययनको क्रममा सम्बन्धीत विद्यालयमा जाँदा कार्यसञ्चयिका व्यवस्थापन सम्बन्धमा गरिएको अध्ययन अनुसार बाकसमा कार्यसञ्चयिका राखेको भएता पनि त्यसलाई दैनिक प्रयोगमा ल्याउन तथा पुन : राख्न असजिलो भएको महशुस गरेको पाइयो । केही विद्यालयमा टेबलमाथि छरिएर च्यातिएको अवस्थामा पाइयो । प्रत्येक कक्षा कोठामा दार राखी यसैमा कार्यसञ्चयिका व्यवस्थित गरेमा दैनिक प्रयोग गर्न सजिलो हुने कुरा स्थलगत अध्ययनमा दराजमा भन्ने शिक्षकहरुको धारणा स्पष्ट हुन आउँछ । उक्त तालिकालाई निम्नअनुसार वृत्त चित्रमा पनि देखाउन सकिन्छ ।

**वृत्त चित्र नं १**

कार्यसञ्चयिका व्यवस्थापन विवरण




माथिको वृत्त चित्र अनुसार ४० प्रतिशतले दराजमा कार्यसञ्चयिका राख्ने गरेका छन् भने बाँकी टेबलमा, बाकसमा र कोठामा झुण्ड्याएर २० प्रतिशतले कार्यसञ्चयिका राख्ने गरेको पाइयो । व्यवस्थापनको कारणले र शिक्षकको शिक्षण कार्यमा समयको चापले गर्दा उचित ढङ्गले व्यवस्थापन गरेको देखिदैन ।

## ४.१.२ कार्यसञ्चयिकाको प्रयोग

विद्यार्थीले प्राप्त गरेको नतिजा तत्कालै कार्यसञ्चयिकामा चढाएर उसको हरेक सूचना र सूचकलाई व्यवस्थित रुपमा राख्न सकेमा निरन्तर विद्यार्थी मूल्याङ्क बढी प्रभावकारी हुन जान्छ । विद्यार्थीले प्राप्त गरेको नतिजालाई तत्कालै अङ्कन गरिएमा उसका कमी कमजोरीहरुलाई सजिलैसँग सुधार गरी अगाडि बढाउन सकिन्छ । कुनै विद्यार्थीले सिकाई उपलब्धि पूर्ण रुपमा नगरेमा त्यस्ता विद्यार्थीलाई छुट्टाछुट्टै समय दिई सुधारात्मक कक्षाको व्यवस्थापन गर्न सकिन्छ । यस अध्ययनमा नमुनाका रुपमा लिइएको विद्यालयहरुमा विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गर्ने क्रममा निम्न अनुसारको अवस्था रहेको पाइयो ।

**तालिका नं. २ कार्यसञ्चयिकाको व्यवस्थापनको अवस्था**


| क.सं. | विवरण | विद्यालयको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्रमिक रुपमा व्यवस्थापन गर्ने | १ | २० |
| २ | आंशिक रुपमा व्यवस्थापन गर्ने | १ | २० |
| ३ | फुर्सदको समयमा व्यवस्थापन गर्ने | १ | २० |
| ४ | शैक्षिक सत्रको अन्त्यमा व्यवस्थापन गर्ने | २ | ४० |
| | जम्मा | ५ | १०० |

स्थलगत अध्ययन सर्वेक्षण २०७०

माथि उल्लेखित तालिकाम अध्ययन क्षेत्रमा संलग्न भएका पाँच वटा विद्यालयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिलाई कसरी कार्यसञ्चयिकामा व्यवस्थित गरिएको छ भन्ने स्थलगत अध्ययन अनुसार ४० प्रतिशत विद्यालयका शिक्षकले भने शैक्षिक सत्रको अन्त्यमा मात्र विद्यार्थीले प्राप्त गरेको क्रियाकलापलाई कार्यसञ्चयिका अङ्कन गरी मूल्याङ्कन गर्ने गरेको पाइयो । माथिको तालिकालाई वृत्त चित्रमा यसरी व्यक्त गर्न सकिन्छ ।

**वृत्त चित्र नं. २**

कार्यसञ्चयिका प्रयोग सम्बन्धी विवरण




## ४.१.३ परियोजना कार्यको स्थिति

विद्यार्थीहरुको वीचमा परियोजना कार्यहरु संचालन गर्न लगाउने कार्यलाई निम्न तालिकामा देखाइएको छ ।

**ताकिला नं. ३ः परियोजना कार्यको स्थिति**

| क.सं | प्रतिक्रियाहरु | प्र.अ. शिक्षकको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | (क) छ | ४ | ४० | |
| २ | (ख) छैन | ६ | ६० | |
| | **जम्मा** | १० | १०० | |

स्रोत : स्थलगत अध्ययन २०७०

कार्यसञ्चयिका निरन्तर मूल्याङ्कनमा परियोजना कार्यको उपलब्धि पनि जोडेर राख्नु पर्ने हुन्छ । माथिको तालिकामा आएको प्रतिक्रियामा यस अध्ययन क्षेत्रमा नमुना विद्यालयका प्र.अ. तथा शिक्षकहरु ४० प्रतिशतले मात्र परियोजना कार्य सञ्चाल गर्दै आएको देखियो भने बाँकी ६० प्रतिशतले परियोजना कार्य सञ्चालन गनरीकन उपलब्धी मूल्याङ्कन गरेको पाइयो । यसबाट परियोजना कार्य प्रभावकारी रुपमा सञ्चालित नभई आशिक रुपमा सञ्चालित भएको तथ्य स्पष्ट हुन आउँछ ।

## ४.१.४ कार्यसञ्चयिकाको प्रभावकारिता :

निरन्तर मूल्याङ्कन प्रणालीमा कार्यसञ्चयिका प्रभावकारी रुपमा लागू भएको सम्बन्धमा र यसलाई कार्यान्वयन गर्ने तरिका सम्बन्धमा प्राप्त प्रतिक्रिया निम्न तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. ४ कार्यसञ्चयकाको प्रभावकारिता**

| क.सं | प्रतिक्रियाहरु | प्र.अ. शिक्षकको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. राम्रो | २ | २० | |
| २ | ख. झन्झटिलो | ५ | ५० | |
| ३ | ग. अप्रभावकारी | – | – | |

| | | | | |
|---|---|---|---|---|
| ४ | घ. प्रभावकारी | ३ | ३० | |
| | **जम्मा** | १० | १०० | |

स्रोत : स्थलगत अध्ययन २०७०

५० प्रतिशत पं.अ. र शिक्षकले यो निरन्तर मूल्याङ्कनलाई झन्झटिलो भन्ने बताएका छन् । उनीहरुको भनाई अनुसार कार्यसञ्चयिकाको व्यवस्थापनमा झन्झट देखिएको छ भन्ने रहेको छ । निरन्तर मूल्याङ्कन प्रणाली लागू भएका नमुना भित्रका विद्यालयहरुमा २० प्रतिशत प्रअ. र शिक्षकले मात्र यो कार्यक्रम राम्रो छ भन्ने गरेको पाइयो बाँकी ३० प्रतिशत प्र.अ. र शिक्षकहरुले यसलाई प्रभावकारी छ भन्नेमा आफ्नो मत राखेका छन् ।

## ४.२ निरन्तर मूल्याङ्कनको कार्यन्वयनको अवस्था

निरन्तर मूल्याङ्कन प्रणालीमा विद्यार्थीहरुको दैनिक कियाकलापको निरन्तर रुपमा मूल्याङ्कन गर्दै जाने र कार्यसञ्चयकाको प्रयाग गरि नियमित रुपमा प्रत्येक एकाईको सूचकहरुको आधारमा मूल्याङ्कन गर्दै जानू पर्ने हुन्छ । प्रत्येक एकाईमा प्राप्त रेजा अनुसार विद्यार्थीहरुलाई कक्षा चढाउने व्यवस्था गर्नु पर्ने हुन्छ । कार्यन्वयन अवस्था सम्बन्धमा स्थलगत अध्ययन, सङ्कलित तथ्याङ्का आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ विद्यालयमा निरन्तर मूल्याङ्कनको स्थिति

विद्यालयहरुमा निरन्तर मूल्याङ्कनको स्थिति सम्बन्धमा प्राप्त प्रतिकया निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ विद्यालयमा निरन्तर मूल्याङ्कनको स्थिति :**

| क.सं | प्रतिक्रियाहरु | वि.व्य.स. अध्यक्षको संख्या ५ | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | ५ | १०० | |
| २ | ख. छैन | – | – | |
| | **जम्मा** | ५ | १०० | |

स्रोत : स्थलगत अध्ययन २०७०

उक्त तालिकाको प्रतिक्रिया अनुसार शतप्रतिशत अध्यक्षले छ भन्ने जवाफ दिएका छन् । यस अध्ययन क्षेत्रका नमुना विद्यालयहरुमा प्रा.वि. तहमा निरन्तर मूल्याङ्कन प्रगति लागू भएका छ भन्ने कुरा यसबाट स्पष्ट हुन आउँछ । त्यस कारण निरन्तर मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था १-५ सम्म लागू भएको कुरा जानकारीमा आएको स्पष्ट हुन जान्छ ।

## ४.२.२ निरन्तर मूल्याङ्कनको कार्यन्वयनको स्थिति

निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनका लागि सञ्चित अभिलेख, सूचक अभिलेख, प्रतक्ष कक्षा अवलोकन, कार्य सञ्चियकाको प्रयोग, उदार कक्षोन्नति, प्रतिभावान विद्यार्थीलाई बिचैमा कक्षा चढाउने व्यवस्था, शिक्षक शिक्षिकाको तालिम, अभिभावकलाई निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी जानकारी हुनु पर्ने हुन्छ । बिचैमा कक्षा छाड्ने दर, कक्षा दोहोराउने दर घटनु पर्ने हुन्छ । यी सबै स्थितिहरुको विश्लेषण निम्न प्रकारले प्रस्तुत गरिएको छ ।

## ४.२.३ पुन : सोही कक्षा दोहोऱ्याउने विद्यार्थी विरवण

कक्षा दोहोऱ्याउने दर बढी हुनु भनेको पद्धतिको प्रभावकारिता कम हुनु हो । जति कम विद्यार्थीले पुन : कक्षा दोहोऱ्याए त्यति पद्धति प्रभावकारी मानिन्छ (फर्मेटिम अनुसन्धान रिपोर्ट २०६१) । यस अध्ययनमा संलग्न नमुना विद्यालयहरुको कक्षा दोहोऱ्याउने दर निम्न अनुसार रहेको छ ।

**तालिका ६:**

नमुना विद्यालयको सोही कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण २०६८

| विवरण | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | १-५ को प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | |
| छात्र | ३८ | १६ | १४ | १५ | २० | १४ | १८ | १३ | १५ | १० | १३.६ |
| छात्रा | २५ | १२ | १३ | ११ | १३ | १० | १२ | ९ | १२ | ८ | १० |
| **जम्मा** | ६३ | १४ | २७ | १३ | ३३ | १२ | ३० | ११ | २७ | ९ | ११.८ |

नमुना विद्यालयको सोही कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण २०६९

| विवरण | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | १-५ को प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | |
| छात्र | ३१ | १४ | १६ | १३ | १३ | ११ | १२ | ८ | ८ | ७.५ | १०.७ |
| छात्रा | २५ | ११ | १० | १० | १० | ९ | १० | ८ | ८ | ७.५ | ९.१ |
| **जम्मा** | ५६ | १२.५ | २६ | ११.५ | २३ | १० | २२ | ८ | १६ | ७.५ | ९.९ |

नमुना विद्यालयको सोही कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण २०७०

| विवरण | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | १-५ को प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत | |
| छात्र | १९ | ८.५ | १४ | ६.५ | १० | ७.५ | ८ | ६.५ | ८ | ७ | ५.८ |
| छात्रा | १३ | ७.५ | ७ | ७.५ | ७ | ७.५ | ९ | ६.५ | ५ | ७ | ७.२ |
| **जम्मा** | ३२ | ८ | १५ | ७ | १७ | ७.५ | १७ | ६.५ | १३ | ७ | ७.२ |


माथिका तालिका नं. ६ अनुसार २०६८ सालमा भर्ना भएका विद्यार्थीहरुमध्ये सबैभन्दा बढी कक्षा १ मा १४ प्रतिशतले पुनः कक्षा दोहोऱ्याएका छन् जसमध्ये १२ प्रतिशत छात्राहरु रहेका छन् । त्यसैगरी २०६९ सालमा कक्षा २ मा ११.५ प्रतिशतले र कक्षा ३ मा १० प्रतिशतले पुन : कक्षा दोहोऱ्याएका छन् । २०६९ सालमा सबैभन्दा बढी कक्षा १ मा ११ प्रतिशत छात्राहरुले पुन : कक्षा दोहोऱ्याएका छन् ।

त्यसैगरी २०७० को तथ्याङ्कलाई हेर्दा कक्षा १ मा नै सबैभन्दा बढी कक्षा दोहोऱ्याउने गरेको पाइयो । यो प्रतिशत ८ रहेको छ भने कक्षा १ देखि ५ सम्मको तथ्याङ्क अनुसार कक्षा

दोहोऱ्याउने संख्या जम्मा ७.२ प्रतिशत रहेको देखिन्छ । अध्ययन क्षेत्रलाई तुलनात्मक रुपमा हेर्दा राष्ट्रिय स्तरको तुलनामा कम विद्यार्थीले पुन : सोही कक्षा दोहोऱ्याएको देखिन आउँछ ।

समग्रमा जति कम विद्यार्थीले कक्षा दोहोऱ्याए त्यति नै पद्धति प्रभावकारी तथा लगानीको सदुपयोग भएको मानिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति लागू भएकाले राष्ट्रिय अवस्थाभन्दा अध्ययन क्षेत्रमा पुन : उही कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या कम भएको पाइयो । माथिको तालिकालाई स्तम्भ चित्रमा देखाउन सकिन्छ ।

**स्तम्भ चित्र एक**




## ४.२.४. बिचैमा कक्षा छाड्ने विद्यार्थी विवरण

बीचैमा कक्षा छाड्ने दर घटाएर शैक्षिक क्षतिलाई कम गर्दै लाने र त्यसबाट उत्पन्न हुने शैक्षिक समस्यालाई कम गर्नका लागि समेत निरन्तर मूल्याङ्कन प्रणाली प्रयोगमा ल्याएको हो । कक्षामा भर्ना भएपछि पनि शैक्षिक सत्र पूरा नगरी बीचैमा कक्षा छाड्ने समस्यालाई कम गर्न सके मात्र पनि सबैका लागि शिक्षा भन्ने नारा पूरा हुन सक्छ ।

यस अध्ययनमा संलग्न भएका विद्यालयहरुको २०६८ देखि २०७० सम्मको कक्षा १ देखि ५ सम्मको जम्मा कक्षा छाड्ने दर निम्न अनुसार रहेको छ ।

**तालिका नं. ७: बीचैमा कक्षा छाड्ने विद्यार्थी विवरण**

| कक्षा | २०६८ | | | २०६९ | | | २०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | कक्षा छाड्ने | प्रतिशत | विद्यार्थी संख्या | कक्षा छाड्ने | प्रतिशत | विद्यार्थी संख्या | कक्षा छाड्ने | प्रतिशत |
| १ | ४४६ | ३० | ४.६० | ४४९ | ३५ | ७.७९ | ४१० | १० | २.४३ |
| २ | २१६ | २० | ९.२५ | २३० | १५ | ६.५२ | १८८ | १५ | ७.९६ |
| ३ | २६८ | १८ | ६.७१ | २३५ | २० | ८.५१ | २३५ | ३ | १.५ |
| ४ | २८३ | १६ | ५.६५ | २६९ | १८ | ६.६९ | २६८ | ४ | १.४९ |
| ५ | ३०९ | २५ | ८०९ | २१९ | ९ | ४.१० | १९५ | ६ | ३.०७ |
| **जम्मा** | १५२२ | १०९ | ७.२८ | १४०२ | ९७ | ६.३२ | १२९६ | ३८ | ३.२९ |

स्रोत : स्रोतकेन्द्र दमक तथ्याङ्क २०७०

माथिको तालिकाको आधारमा अध्ययन क्षेमा परेका ५ वटा सामुदायिक विद्यालयहरु मध्य कक्षा छाड्ने विद्यार्थीको अवस्था र त्यसको शैक्षिक व्यवस्थापनमा परेको प्रभावको स्थलगत अध्ययन गर्दा २०६८ सालमा कक्षा १ देखि ५ को बीचमैमा कक्षा छाड्ने दर ७.२८ प्रतिशत रहेको छ र कक्षा २ मा सबैभन्दा बढी ९.२५ प्रतिशत र कक्षा ४ मा सबैभन्दा कम ५.६५ प्रतिशत रहेको पाइयो । त्यसैगरी २०६९ सालमा सो प्रतिशत घटेर ६.६२ प्रतिशतले कक्षा छाडेको देखिन्छ । त्यसैगरी २०७० मा कक्षा छाड्ने दर ३.२९ मा झरेको देखिन्छ ।

समग्र अवस्थाको अध्ययन गर्दा उक्त दर राम्रो रहेको पाइन्छ । अध्ययन क्षेत्रको नमुना विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया लागू भए अगाडिको स्थितिमा कक्षा छाड्ने दर बढी देखिएको थियो भने त्यसपश्चात् यो प्रक्रिया लागू भएपछि विद्यालयहरुमा कक्षा छाड्ने दर कम भएको देखिन्छ ।

## ४.२.५. शिक्षक शिक्षिका तथा तालिम विवरण

शिक्षण कार्यमा तालिमको आवश्य पर्दछ । तालिम नपाएका शिक्षकले बालबालिकाको रुचि र भावना आवश्यकता बुझ्रेर वैयक्तिक भिन्नता पत्ता लगाई व्यवहारिक परिवर्तन गराउन कठिन हुन्छ । नेपाल सरकारले सबैभलाई तालिम प्राप्त बनाउने विभिन्न किसिमका तालिमहरु संचालन गरेको छ । यस अध्ययनमा छनोट गरिएका विद्यालयहरुमा शिक्षक शिक्षिकाहरुको तालिमको अवस्था निम्न अनुसार रहेको छ ।

**तालिका ८:अध्ययन क्षेत्रको नमुना विद्यालयको २०७० को शिक्षक तालिमा विवरण**

| क.सं. | विद्यालयको नाम | जम्मा शिक्षक संख्या | | | तालिम प्राप्त | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शिक्षक | शिक्षिका | जम्मा | शिक्षक | शिक्षक % | शिक्षिका | शिक्षिका % | जम्मा |
| 1 | श्री सरस्वती उमावि दमक -१४ | ७ | ६ | १३ | ७ | १०० | ६ | १०० | १३ |
| 2 | श्री पृथ्वी निमावि दमक - १२ | १७ | ७ | २४ | १७ | १०० | ७ | १०० | २४ |
| 3 | श्री दिपिनी निमावि दमक-१० | ५ | ४ | ९ | ५ | १०० | ४ | १०० | ९ |
| 4 | श्री कृष्ण निमावि दमक -८ | ८ | २ | १० | ८ | १०० | २ | १०० | १० |
| 5 | श्री ताराबारी निमावि दमक-७ | ८ | १ | ९ | ८ | १०० | १ | १०० | ९ |
| | **जम्मा** | ४५ | २० | ६५ | ४५ | १०० | २० | १०० | ४५ |

स्रोत : दमक स्रोत केन्द्रको तथ्याङ्क २०७०

अध्ययन क्षेत्रका विद्यालयहरुमा शत प्रतिशत शिक्षक शिक्षिकाहरु तालिम प्राप्त देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा परियोजना कार्य सम्बन्धी तालिम कमै शिक्षक शिक्षिकाले लिएको पाइयो । यस प्रणालीलाई कार्यन्वयन गर्ने कुरामा उनीहरुलाई समस्याहरु देखा परेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका पाँच वटा तत्वहरु अपनाई निरन्तर रुपमा विद्यार्थी मूल्याङ्कन गरेको स्थिति कमै देखिन्छ ।

### ४.२.६ मूल्याङ्क सम्बन्धी अवस्था

पाठ्यक्रममा उल्लेख भएका शैक्षिक उद्देश्य, विषयगत उद्देश्य र कक्षागत उद्देश्य तथा तहगत उद्देश्य पूरा गर्नका लागि परीक्षा प्रणालीको प्रयोग गरिन्छ । मूल्याङ्कनका साधनहरुमध्ये परीक्षा पनि एउटा प्रमुख साधन हो । नमुना क्षेत्रका विद्यालयमा अध्ययन गर्दा विद्यार्थीको मूल्याङ्कन परीक्षा पद्धतिबाट लिइएको पाइयो । छनोटमा परेका पाँच वटा विद्यालयको उतीर्ण दर २०६८, २०६९ र २०७० सालमा हेर्दा क्रमश : ९३.१५%, ९४.१०% र ९५% देखिन्छ । उक्त विद्यालयले निर्देशिका अनुसार प्रक्रियाहरु अवलम्वन गरेको पाइँदैन । निरन्तर मूल्याङ्कन पद्धति अपनाएको विद्यालयहरुमा अनुतीर्ण हुने र कक्षा छाड्ने स्थिति कम देखिन्छ ।

### ४.२.७. कक्षा कोठामा विद्यार्थी संख्या

कक्षा कोठामा विद्यार्थी जति कम भए त्यति नै राम्रोसँग सबैलाई शिक्षण क्रियाकलापमा समावेश गराउन सकिन्छ (शिक्षक निर्देशिका २०५६) । प्रत्येक विद्यार्थीको क्रियाकलापलाई विश्लेषण गर्न र निरीक्षण गर्न विद्यार्थीहरु कक्षा कोठामा तोकिए अनुसार हुनुपर्दछ । निरन्तर मूल्याङ्कन सञ्चालन निर्देशिका २०५६ मा ३० जना विद्यार्थीहरु बराबर एक जना शिक्षकको व्यवस्था गरिने भएता पनि त्यसो हुन सकेको छैन । कुनै विद्यालयमा विद्यार्थी संख्या घटेर कम भएको र कुनैमा शिक्षक संख्या कम भएको पाइन्छ । अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा २०६० मा कक्षामा विद्यार्थीहरु निम्न अनुसार भएको देखिन्छ ।

**तालिका नं. ९ : विद्यार्थी संख्या**

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | |
| १ | सरस्वती उमावि | १०१ | ३८ | ६३ | ६६ | ५१ | ३१९ |
| २ | पृथ्वी निमावि | १६३ | ८३ | ८१ | ९० | ५८ | ४७४ |
| ३ | दीपिनी निमावि | ९९ | ३० | ३८ | ५० | ३६ | २४७ |
| ४ | कृष्ण निमावि | २६ | २० | ३५ | ४५ | ३१ | १५७ |
| ५ | ताराबारी निमावि | २१ | १८ | १८ | १७ | १९ | ९३ |

स्रोत : विद्यालय तथ्याङ्क फारम २०७०

माथिको तालिका अनुसार अध्ययन क्षेत्र को २ वटा विद्यालयमा विद्यार्थी संख्या बढी रहेको पाइयो भने २ वटा विद्यालयमा अनुपात अनुसार भएको र बाँकी एउटामा शिक्षक विद्यार्थी अनुपातभन्दा कम भएको देखियो ।

शिक्षा नियमावली २०५९ संशोधनसहितका अनुसार सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका र तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश : ५०, ४५ र ४० हुनुपर्ने सोही नियमको उपदफा २ मा कुनै कक्षामा बढी भएमा विद्यालय व्यवस्थापन समितिको अनुमति लिई त्यस कक्षाको अर्को वर्ग खोल्नु पर्नेछ ।

माथिको तालिकामा उल्लेख गरिएको विद्यार्थी संख्यालाई शिक्षा नियमावली तथा निरन्तर मूल्याङ्कन कार्यक्रम निर्देशिका २०५७ को कसीमा तुलना गर्दा सबै विद्यालयमा विद्यार्थी संख्या बढी भएता पनि श्री सरस्वती उ.मा.वि. र श्री पृथ्वी उ.मा.वि.मा अर्को व्यवस्था गरिएको छ ।

## ४.३. परियोजना कार्यबाट विद्यार्थीको उपलब्धी मापन मा सहयोग

परियाजना कार्यबाट विद्यार्थीको उपलब्धीको मापन या मूल्याङ्कन गर्न सहयोग पुग्दछ भन्ने कुराको विश्लेषण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० परियोजना कार्यबाट विद्यार्थीको उपलब्धी मापनमा सहयोग**

| क.सं | प्रतिक्रियाहरु | प्र.अ. शिक्षकको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. पुग्दछ | ८ | ८० | |
| २ | ख. पुग्दैन | २ | २० | |
| | **जम्मा** | १० | १०० | |

स्रोत : स्थलगत अध्ययन २०७०

परियोजना कार्यबाट विद्यार्थी उपलब्धीको मापन गर्न सहयोग पुग्दछ भन्नेमा ८० प्रतिशत शिक्षकको धारणा रहेको पाइयो । हुन त निरन्तर मूल्याङ्कन प्रणालीको परियोजना कार्य एक प्रमुख चर हो । त्यसकारणले पनि परियोजना कार्यले निरन्तर मूल्याङ्कन प्रणालीमा महत्वपूर्ण भूमिका रहेको कुरा स्पष्ट हुन आउँछ ।

यो गरेर सिक्ने सिद्धान्तमा आधारित भएकाले विद्यार्थीले आफैं गरेर सिकेको सीप दीगो र प्रभावकारी हुन्छ । योजनाबद्ध ढङ्गले कुनै काममा लाग्न र लगनशील हुन सहयोग पुऱ्याउँछ भन्ने कुरामा नमुना अध्ययन क्षेत्रका प्र.अ. र शिक्षकको ८० प्रतिशतको धारणा रहेको पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यमा देखिएका समस्याहरु समाधान गर्न के गर्नुपर्ला जस्तो लागेको छ भनी सोधिएको प्रश्नमा आएको जवाफ निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## ४.३.१ परियोजना कार्यमा देखिएका समस्याहरु र समाधानका उपाय

निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यमा देखिएका समस्याहरु समाधान गर्ने उपायहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ परियोजना कार्यमा देखिएका समस्याहरु समाधानको उपाय**

| क.सं | प्रतिक्रियाहरु | प्र.अ. शिक्षकको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. परियोजना कार्यलाई परित्याग गर्ने | - | - | |
| २ | ख. सबै शिक्षकलाई तालिम दिने | १ | १० | |
| ३ | ग. प्रा.वि. तहको शिक्षक र प्र.अ.लाई तालिम दिने | ३ | ३० | |
| ४ | घ. प्र.अ.ले प्रा.वि. शिक्षकलाई तालिम दिने, परामर्श दिने र सहयोग गर्ने | ६ | ६० | |
| | **जम्मा** | १० | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

माथिको तालिमा आएको प्रतिक्रियालाई विश्लेषण गर्दा परियोजना कार्य बढी महत्वपूर्ण भएकाले यसलाई परित्याग नगरी सजिलै परिचालन गर्नका लागि प्र.अ.ले तालिम लिएर अरु प्रा.वि. शिक्षकहरुलाई समय समयमा आवश्यकता अनुसार परामर्श र सहयोग प्रदान गर्नुका साथै तालिमको कुरा बताउने गर्नुपर्ने सल्लाह शिक्षकहरुको रहेको पाइयो । ६० प्रतिशत शिक्षकको यही धारणा रहेको कुरा तालिकाले देखाएको छ ।

## ४.३.२ परियोजना कार्यलाई सम्पन्न गर्ने तरिका

निरन्तर मूल्याङ्कनमा परियोजना कार्यलाई सम्पन्न गराउने तरिका या विधि सम्बन्धमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२ परियोजना कार्यलाई सम्पन्न गर्ने तरिका**

| क.सं | प्रतिक्रियाहरु | प्र.अ. शिक्षकको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. शिक्षकले जानकारी गराउने | १ | १० | |
| २ | ख. विद्यार्थीलाई खोजी गर्न लगाउने | १ | १० | |
| ३ | ग. शिक्षकले गरेर देखाउने | २ | २० | |
| ४ | घ. सामग्री उपलब्ध गराई समूह विभाजन र कामको बाँडफाँड गरी शिक्षकको निर्देशनमा काम गराउने | ६ | ६० | |
| | जम्मा | १० | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

माथिको तालिबाट परियोजना कार्य कसरी सम्पन्न गराउन सकिन्छ भन्ने प्रश्नको जवाफमा शिक्षकबाट आएको प्रतिक्रियालाई विश्लेषण गर्दा ६० प्रतिशत प्र.अ. र शिक्षकबाट आवश्यक सामाग्री उपलब्ध गराएर कामको बाँडफाँड र समूह विभाजन गरी शिक्षकको निर्देशनमा परियोजना कार्य सम्पन्न गराउने विधिको प्रयोग गर्नुपर्दछ भन्ने अभिमत आएको देखिन्छ ।

वास्तवमा परियोजना कार्य विद्यार्थीहरुले रोजेको रुचि अनुसार सबै मिलेर एक आपसमा सरसहयोग गरी गर्दा प्रभावकारी हुन्छ । उनीहरु मिहेनती र लगनशील, उत्साही हुने गर्दछन् । यसका लागि शिक्षकको निर्देशन अतिआवश्यक हुन्छ भन्ने कुरा यस जवाफबाट स्पष्ट हुन आउँछ ।

तपाईको विद्यालयमा सिकाई उपलब्धी वृद्धि गर्न कुन कार्यक्रम समावेश गरिएको छ भन्ने प्रश्नको जवाफमा प्र.अ. र शिक्षकबाट आएको प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुतत गरिएको छ ।

## ४.३.३. सिकाई उपलब्धीमा वृद्धि गर्ने कार्यक्रम

विद्यालयमा सिकाई उपलब्धी वृद्धि गर्नका लागि समावेश गरिएको कार्यक्रमहरुको विश्लेषण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ सिकाई उपलब्धीमा वृद्धि गर्ने कार्यक्रम**

| क.सं | प्रतिक्रियाहरु | प्र.अ. शिक्षकको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. अतिरिक्त कक्षा सञ्चालन | १ | १० | |
| २ | ख. निमयमित गृहकार्य परियोजना कार्य दिने र परीक्षण गर्ने | ३ | ३० | |
| ३ | ग. कक्षा शिक्षामा शैक्षिक सामाग्रीको प्रयोग गर्ने | २ | २० | |
| ४ | घ. माथिका सबै | ४ | ४० | |
| | **जम्मा** | १० | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

माथिको तालिकामा तपाईको विद्यालयमा सिकाई उपलब्धी वृद्धि गर्न कुन कार्यक्रम सञ्चालन गरिएको छ भनी सोधिएका प्रश्नमा आएको प्रतिक्रियामा ४० प्रतिशतले सबै कार्यक्रम सञ्चालन गरेको देखियो भने १० प्रतिशतले अतिरिक्त कक्षा मात्र सञ्चालन गरेको देखियो भने ३० प्रतिशतले नियमीत गृहकार्य, परियोजना कार्य सञ्चालन गरेको पाइयो । नियमीत गृहकार्य र परियोजना कार्य जम्मा ६० प्रतिशतले सञ्चालन गरेको पाइयो । यसबाट परियोजना कार्य

सिकाई उपलब्ध जर वृद्धि गर्नमा महत्पूर्ण छ भन्ने कुरा स्पष्ट हुन आउँछ । परियोजना कार्यको शिक्षण सिकाई क्रियाकलापमा अत्यन्त ठूलो भूमिका रहेको भन्ने कुरा स्पष्ट हुन आउँछ ।

### ४.३.४ निरन्तर मूल्याङ्कन र परियोजना कार्यको सफल कार्यन्वयन उपाय

विद्यालयमा निरन्तर मूल्याङ्कन र परियोजना कार्यको सफल कार्यन्वयन का लागि गर्नु पर्ने उपायहरुको धारणाको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

**तालिका नं. १४ निरन्तर मूल्याङ्कन र परियोजना कार्यको सफल कार्यन्वयन उपाय**

| क.सं | प्रतिक्रियाहरु | वि.व्य.स. अध्यक्षको संख्या ५ | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. भौतिक साधन धेरै जुटाउनु | – | – | |
| २ | ख. स्रोत साधन र तालिमको आवश्यक | ३ | ६० | |
| ३ | ग. अभिभावकलाई जानकारी दिन | १ | २० | |
| ४ | घ. शिक्षकलाई तालिम दिन | १ | २० | |
| | **जम्मा** | ५ | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

यस अध्ययन क्षेत्रको नमुना विद्यालयहरुमा वि.व्.य.स.का अध्यक्षहरुले मिश्रित प्रतिक्रिया दिएक छन् । श्रोतसाधन र तालिमको आवश्यक छ भन्नेमा ६० प्रतिशत अभिभावकलाई जानकारी सम्बन्धमा २० प्रतिशत शिक्षकलाई तालिम सम्बन्धमा २० प्रतिशत अभिमत रहेको पाइयो । यी सबै प्रतिक्रियाको एकिकृत रुप भनेको निरन्तर मूल्याङ्कन र परियोजना कार्यको भूमिका भएकाले यो आवश्यक छ भन्न खोजिएको हो । विद्यार्थीका लागि भएको कार्यक्रमलाई अभिभावकले थाहा पाएको हुनुपर्छ साथै यसको प्रभावकारिता कार्यान्वयन पक्षसँग सम्बन्धीत रहेको हुनाले कार्यान्वयन पक्ष भनेको नै शिक्षक, अभिभावक र व्यस्थापन समिति र

प्रधानाध्यापकहरु भएकाले यो सरोकारवाल समक्ष जानकारी भएमा मात्र निरन्त मूल्याङ्कन र परियोजना कार्य कार्यान्वयन गर्न सजिलो हुन्छ र सफल रुपले कार्य सम्पादन हुन्छ भन्ने अभिमत विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुको रहेको पाइयो ।

## ४.३.५ सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै आउनुको कारण

सामुदायिक विद्यालयहरुका प्रा.वि. तहमा विद्यार्थी भर्ना संख्या घट्दै आएको पाईन्छ । यसका कारणहरु मध्ये कुन कारणले गर्दा बढी घटेको होला भन्ने विषय को प्रतिक्रयाको विश्लेषण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५ सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै आउनुको कारण**

| क.सं | प्रतिक्रियाहरु | वि.व्य.स. अध्यक्षको संख्या ५ | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. निरीक्षण र अनुगमनको कमी हुनु | २ | ४० | |
| २ | ख. मूल्याङ्कन प्रणाली उपयुक्त नहुनु | – | – | |
| ३ | ग. सुविधाजनक र आकर्षक कक्षा कोठाको व्यवस्था नहुनु | २ | ४० | |
| ४ | घ. राम्रो पठन पाठन नहुनु | १ | २० | |
| | **जम्मा** | ५ | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

माथिको तालिकामा आएका प्रतिक्रया अनुसार ४० प्रतिशतले निरिक्षण र अनुगमनको कमी हुनु, अन्य ४० प्रतिशतले सुविधाजनक र आकर्षक कक्षा कोठाको व्यवस्था नहुनु , २० प्रतिशतले राम्रो पठन पाठन नहुनु प्रतिक्रया व्यक्त गरेका छन भने मूल्याङ्कन प्रणली उपयुक्त नहुनु भन्नेमा सबै मौन छन् । त्यसकारण मूल्याङ्कन प्रणाली उपयुक्त भएको प्रतिक्रया व्यक्त हुन आउँछ ।

## ४.३.६ विद्यालयमा समुदायको सहयोग

विद्यालयहरुमा समुदायको सहयोगको सम्बन्धमा आएका प्रतिक्रयाहरुको विश्लेषण निम्न तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १६ विद्यालयमा समुदायको सहयोग**

| क.सं | प्रतिक्रियाहरु | वि.व्य.स. अध्यक्षको संख्या ५ | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. सहयोग छैन | १ | २० | |
| २ | ख. प्रायजसो सहयोग हुने गरेको छ | १ | २० | |
| ३ | ग. आवश्यकता अनुसार सहयोग गर्ने गरेको | २ | ४० | |
| ४ | घ. सबैको सहयोग हुन्छ | १ | २० | |
| | **जम्मा** | ५ | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

सहयोग नै हुँदैमा २० प्रतिशत, सहयोग हुने गरेको छ भन्नेमा २० प्रशित र आवश्यकता अनुसार सहयोग गरेको भन्नेमा ४० प्रतिशत रहेको पाइयो। कुनै पनि कार्यक्रम एउटा पक्षको सहयोगले मात्र सफल हुँदैन। कार्यक्रमलाई सफल पार्न सबैपक्षको सहयोगको आवश्यक हुन्छ। अध्ययन क्षेत्रको नमुना विद्यालयमा हेर्दा सहबैको सहयोग न्यून रहेको पाइो। त्यकारण, निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न समुदायलाई जागृत गराउन र चेतना बढाउन आवश्यक देखिन्छ।

## ४.३.७ निरन्तर विद्यार्थी मूल्याङ्कन अनुगमन

सामुदायिक विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन अनुगमन गर्ने सम्बन्धमा आएको प्रतिक्रया निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १७ निरन्तर विद्यार्थी मूल्याङ्कन अनुगमन**

| क.सं | प्रतिक्रियाहरु | वि.नी./स्रोत व्यक्तिको संख्या २ | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. स्रोत व्यक्ति | – | – | |
| २ | ख. वि.नि. | – | – | |
| ३ | ग. प्र.अ. | – | – | |
| ४ | घ. यि सबै | २ | १०० | |
| | **जम्मा** | २ | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

माथिको तालिकाबाट प्राप्त प्रतिक्रिया अनुसार एक वि.नि. र एक स्रोत व्यक्ति मिलेर आवश्यकता अनुसार अनुगमन गर्ने कुरा बताएका छन् । स्रोत व्यक्तिको निर्देशन अनुसार विद्यालयका प्र.अ.ले पनि अनुगमन गरेको तथ्य स्पष्ट हुन आएको छ ।

## ४.३.८ निरन्तर मूल्याङ्कन प्रणालीका सूचकहरु

निरन्तर मूल्याङ्कन प्रणालीमा प्रयाग गरिने सूचकहरुको वारेमा आएको प्रतिक्रया निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १८ निरन्तर मूल्याङ्कन प्रणालीका सूचकहरु**

| क.सं | प्रतिक्रियाहरु | वि.नी./स्रोत व्यक्तिको संख्या २ | प्रतिशत | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | क. सञ्चित अभिलेख | – | – | |
| २ | ख. सूचक अभिलेख | – | – | |
| ३ | ग. प्रतक्ष कक्षा अवलोकन | – | – | |
| ४ | घ. माथिका सबै | २ | १०० | |
| | **जम्मा** | ५ | १०० | |

स्रोत : विद्यालय अभिलेख २०७०

माथिको तालिकाबाट प्राप्त प्रतिक्रिया अनुसार नुमना विद्यालयमा वि.नि. र स्रोत व्यक्तिले सञ्चित अभिलेख, प्रत्यक्ष कक्षा अवलोकन, सूचक अभिलेख यी सबैको निरीक्षण गरी सही गरेको हुन्छ भनी बताएका छन् ।

नमुना अध्ययन क्षेत्रका विद्यालयमा अनुगमन गर्न खटिएको एक स्रोत व्यक्ति र एक वि.नि. दुबैले दिएको प्रतिक्रियामा सबै सूचकहरु प्रयोग गर्ने गरेको बताएका छन् । माथिको प्रतिक्रियालाई विश्लेषण गर्दा यस अध्ययन क्षेत्रका नमुना विद्यालयहरुमा सूचकहरु राखेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली व्यवस्थित रुपमा सञ्चालन भइरहेको छ भन्ने तथ्य देखिन आउँछ ।

## ४.४ निरन्तर मूल्याङ्कनमा परियोजना कार्यको भूमिका

निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको भूमिका सम्बन्धमा प्राप्त भएका प्रतिक्रयाहरुको विश्लेषण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९ निरन्तर मूल्याङ्कनमा परियोजना कार्यको भूमिका**

| क.सं | प्रतिक्रियाहरु | वि.नी./स्रोत व्यक्तिको संख्या २ | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. सुधारात्मक शिक्षण गर्न | १ | ५० | |
| २ | ख. विद्यार्थीको बानी ब्यहोरा थाहा पाउन | – | – | |

| | | | | |
|---|---|---|---|---|
| ३ | ग. उत्तीर्ण प्रतिशत बढाउन | १ | ५० | |
| ४ | घ. कक्षा चढाउन | – | – | |
| | **जम्मा** | २ | १०० | |

स्रोत : स्थलथत अध्ययन सर्वेक्षण २०७०

एक वि.नि. (५०%)ले कक्षा शिक्षणमा सुधारात्मक शिक्षण गर्न निरन्तर मूल्याङ्कन परियोजनाको भूमिका रहेको हुन्छ भनी बताए भने एक स्रोत व्यक्तिले बढी उत्तीर्ण प्रतिशत बढाउने भूमिका रहेको हुन्छ भने प्रतिक्रिया व्यक्त गरेको पाइयो । अध्ययन क्षेत्रका नमुना विद्यालयहरुमा क्रमशः वर्षेनी विद्यार्थी उपलब्धी दर वृद्धि हुँदै गएको तथ्य विद्यालयको अभिलेखबाट यो प्रतिक्रिया मिल्न गएकाले पनि यही कुराको पुष्टि गरेको पाइन्छ । बढी विद्यार्थी सफल हुने भएकाले शिक्षणमा पनि सुधार भएको देखिन्छ ।

## ४.४.१ अभिभावकलाई निरन्तर मूल्याङ्कनका बारेमा जानकारी

अभिभावकहरुलाई निरन्तर मूल्याङ्कनका बारेमा र परियोजना कार्यको बारेमा जानकारी भए नभएको विश्लेषण निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. २० अभिभावकलाई निरन्तर मूल्याङ्कनका बारेमा जानकारी**

| क.सं | प्रतिक्रियाहरु | अभिभावकहरुको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. छ | ५ | ५० | |
| २ | ख. छैन | ५ | ५० | |
| | **जम्मा** | १० | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

यस अध्ययन क्षेत्रका नमुनामा परेका विद्यालयहरुका ५० प्रतिशत अभिावकले निरन्तर विद्यार्थी मूल्याङ्कन र परियोजना कार्यबारे थाहा छ भनी प्रतिक्रिया दिएका छन् भने बाँकी ५० प्रतिशत अभिभावकले थाहा छैन भनी प्रतिक्रिया व्यक्त गरेका थिए । निरन्तर मूल्याङ्कन प्रणाली सही ढंगले सञ्चालन भएका विद्यालयहरुमा कार्यक्रम प्रति अभिभावकहरुको सकारात्मक धारणा

रहेको पाइयो । निरन्तर विद्यार्थी मूल्याकन गर्दा विद्यार्थीहरु जान्ने हुँदा रहेछन भन्ने धारणा राखेको पाइयो ।

## ४.४.२ फोटो सहितको कार्यसञ्चयिकामा अभिभावकको हस्ताक्षर

फोटो सहितको कार्यसञ्चयकामा अभिभावकको हस्ताक्षर गरे नगरेको सम्बन्धमा आएको प्रतिक्रियालाई निम्न तालिकाले विश्लेषण गरिएको छ ।

**तालिका नं. २१ फोटो सहितको कार्यसञ्चयिकामा अभिभावकको हस्ताक्षर**

| क.सं | प्रतिक्रियाहरु | अभिभावकहरुको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. छ | – | – | |
| २ | ख. छैन | १० | १०० | |
| | **जम्मा** | २ | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

१० जना अभिभावकहरुले नै कार्य सञ्चयिकामा हस्ताक्षर गरेको छैन भनी जवाफ दिएको पाइयो । निरन्तर मूल्याङ्कन निर्देशिकामा प्रत्येक विद्यार्थीको फोटो सहितको कार्य सञ्चयिका बनाएर विदार्थीले प्राप्त गरेको नतिजा कार्य सञ्चयिकाको विषयगत सिकाई उपलब्धीहरु सूचकको आधारमा अभिभावकको दस्तखत गर्ने ठाउँ राखिएको हुन्छ । समग्रमा अध्ययन गर्दा अध्ययन क्षेत्रका नमुना विद्यालयका अभिभावकहरुले कार्य सञ्चयिकामा हस्ताक्षर गरेको देखिदैन ।

## ४.४.३ विद्यार्थी मूल्याङ्कन गर्ने तरिका

विद्यार्थी मूल्याङ्कन गर्ने तरिकामा वर्षमा कति पटक परिक्षा गरिन्छ भन्ने सम्बन्धमा आएको प्रतिक्रियालाई निम्न तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. २२ विद्यार्थी मूल्याङ्कन गर्ने तरिका :**

| क.सं | प्रतिक्रियाहरु | विद्यार्थीहरुको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. एक पटक | – | – | |
| २ | ख. दुई पटक | – | – | |
| ३ | ग. तीन पटक | ८ | ८० | |
| ४ | घ. तीन पटकभन्दा माथि | २ | २० | |
| | **जम्मा** | १० | १०० | |

स्रोत : विद्यालय अभिलेख २०७०

नमुना विद्यालयका कक्षा ४ का विद्यार्थीहरुले दिएको प्रतिक्रियालाई विश्लेषण गर्दा ८० प्रतिशतले तीन पटक र २० प्रतिशतले ३ पटकभन्दा माथि परीक्षा दिएको प्रतिक्रिया व्यक्त गरेका छन् । निरन्तर मूल्याङ्कनमा निरन्तर रुपमा नै मूल्याङ्कन भइरहने व्यवस्था भएता पनि लिखित परीक्षाका रुपमा विद्यालयहरुले त्रैमासिक, अर्थवार्षिक र वार्षिक गरी वर्षको तीन पटक अनिवार्य रुपले लिने गरेको पाइयो भने २० प्रतिशत विद्यालयले कक्षा परीक्षाका रुपमा धेरै पटक परीक्षा लिने गरेको पाइयो । यसबाट समग्र रुपमा निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी ढंगले संञ्चालन भएको यथार्थ चित्रण गर्न सकिने छ । अझै प्रभावकारी बनाउन परीक्षा प्रणाली सुधार गर्दै लैजानुपर्ने आवश्यक रहेको पाइन्छ ।

## ४.४.४ मूल्याङ्कनमा नियमितता

विद्यार्थी मूल्याङ्कनमा नियमितता भन्नाले शिक्षकले दोहोरो सञ्चार गर्ने र गृहकार्य दिने सम्बन्धमा आएको प्रतिक्रियालाई निम्न तालिकाहरुमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. २३ मूल्याङ्कनमा नियमितता**

| क.सं | प्रतिक्रियाहरु | विद्यार्थीहरुको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. सधैं सोध्नुहुन्छ | १ | १० | |
| २ | ख. कहिले काँही मात्र सोध्नुहुन्छ | ३ | ३० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | ग. पालो पालो गरी सबैलाई सोध्नुहुन्छ | ५ | ५० | |
| ४ | घ. सोध्नु नै हुन्न | १ | १० | |
| | **जम्मा** | १० | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

यस अध्ययन क्षेत्रका नमुना विद्यालयमा विद्यार्थीहरुबाट आएको प्रतिक्रियामा १० प्रतिशतले सधैं सोध्नुहुन्छ भनेका थिए भने ३० प्रतिशतले कहिलेकाँही सोध्नुहुन्छ भनेका थिए भने ५० प्रतिशतले पालो पालो गरी सबैलाई सोध्नुहुन्छ भनी प्रतिक्रिया दिएका थिए। यी प्रतिक्रियाहरुको विश्लेषण गर्दा कक्षाका सबै विद्यार्थीलाई सधैं पालोपलो गरेर सोध्नु सकारात्मक पक्ष मानिएता पनि यसमा एकरुपता हुन सकेको देखिँदैन।

सबैलाई कक्षा चढाउने निरन्तर मूल्याङ्कन प्रणालीको उद्देश्य भएकाले सबैलाई समान रुपमा सोधपुछ गर्नुपर्ने हुन्छ। त्यसो नभएमा कमजोर पक्षका सुधार गर्ने विद्यार्थीले सुध्रिने मौका पाउँदैन। वर्तमान अवस्थामा शिक्षण क्रियाकलापमा पनि सुधार गर्दै जानुपर्ने तथ्य यस अन्तरवार्ताबाट प्राप्त हुन आएको छ।

**तालिका नं. २४ गृहकार्य**

| क्र.सं | प्रतिक्रियाहरु | विद्यार्थीहरुको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. सधैं दिनुहन्छ | ४ | ४० | |
| २ | ख. दिनुहुँदैन | १ | १० | |
| ३ | ग. कहिलेकाँही दिनुहुन्छ | ४ | ४० | |
| ४ | घ. थोरै थोरै दिनुहन्छ | १ | १० | |
| | **जम्मा** | १० | १०० | |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७०

नमुना विद्यालयहरुको विद्यार्थीबाट आएको प्रतिक्रियालाई विश्षेण गर्दा ४० प्रतिशतले सधैं दिनुहुन्छ भन्ने प्रतिक्रिया दिएका थिए भने बाँकी ४० प्रतिशतले कहिले काँही दिनुहुन्छ भन्ने प्रतिक्रिया दिएका थिए । बाँकी १० प्रतिशतले दिनुहुँदैन र १० प्रतिशतले थोरै दिनुहुन्छ भनी प्रतिक्रिया व्यक्त गरेको कुरालाई विश्लेषण गर्दा नियमित रुपमा गृहकार्य गरेको देखिँदैन ।

## ४.४.५ कक्षाकार्य र परियोजना कार्य सम्पादन

शिक्षकले कक्षा कोठामा कक्षा कार्यहरु गर्न लगाउने, परियोजना कार्यहरु गर्न लगाउने र सहयोग गर्ने सम्बन्धमा आएको प्रतिक्रियालाई निम्न तालिकाबाट विश्लेषण गरिएको छ ।

**तालिका नं. २५ कक्षा कार्य र परियोजना कार्य सम्पादन**

| क.सं | प्रतिक्रियाहरु | विद्यार्थीहरुको संख्या १० | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क. सधैं हेर्नुहुन्छ | ५ | ५० | |
| २ | ख. हेर्नु हुन्न | १ | १० | |
| ३ | ग. कहिले काँही हेर्नुहुन्छ | ४ | ४० | |
| ४ | घ. कक्षा कार्य नै दिनुहुन्न | – | – | |
| | **जम्मा** | १० | १०० | |

स्रोत :स्थलगत अध्ययन सर्वेक्षण २०७०

नमुना विद्यालयका विद्यार्थीहरुले कक्षा कार्य सम्बन्धमा दिएको प्रतिक्रियालाई विश्लेवषण गर्दा ५० प्रतिशतले सधैं कक्षा कार्य नियमीत दिने र हेर्ने पनि गरेको पाइयो भने ४० प्रतिशतले कहिले काँही मात्र कक्षा कार्य हेर्ने गरेको पाइयो । बाँकी १० प्रतिशतले कक्षा कार्य दिने र हेर्ने गरेको पाइएन ।

निरन्तर मूल्याङ्कनमा कक्षा कार्य पनि एउटा सूचक भएकाले सधैं कक्षा कार्यको कार्यान्वयन गर्नुपर्ने हुन्छ । कक्षा कार्यबाट मूल्याङ्कन पनि गर्नुपर्ने हुन्छ । मूल्याङ्कन गर्न कक्षा कार्यको परीक्षण दिनहुँ गर्दै लानुपर्ने हुन्छ ।

निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न कक्षा कार्य दिने र हेर्ने गर्नु पर्नेमा हचुवाका भरमा कोठामा बसेर रेजा लगाउँदैमा निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन भएको मानिदैन । यसलाई प्रभावकारी र उपयोगी बनाउन सुधार गर्दै जानुपर्ने देखिन आएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस परिच्छेदमा अनुसन्धानका क्रममा भेटिएका मुख्य मुख्य पाइएका जानकारी तथा तथ्यांकको आधारमा निष्कर्ष निकालिएको छ । यसका साथै, आगामी दिनमा विद्यालयको प्राथमिक तहमा विद्यालयको निरन्तर मूल्याङ्कन र परियोजना कार्यलाई सफल कार्यान्वयन गर्न र यसको भूमिकामा वृद्धि गर्दै लैजान के के गर्नु पर्छ र निरन्तर मूल्याङ्कनमा के के ले प्रभाव पार्दछ, लिनको समाधान कसरी गर्नपर्छ भन्ने सन्दर्भमा योजना बनाउन नीतिगत व्यवस्था गर्न तथा अनुसन्धानका लागि आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१. प्राप्ति

निरन्तर मूल्याङ्कन प्रणाली लागू भएको अवस्था फरक फरक देखिए तापनि प्राय विद्यालयहरूमा परियोजना कार्य आंशिक रुपले मात्र संचालन गरेको पाइएको छ । विद्यालयहरुमा विद्यार्थी सहभागिताको अवस्था ह्रासोन्मुख रहेको पाइयो । छात्रको तुलनामा छात्रा सहभागिता बढी रहेको पाइयो ।

यस अध्ययन क्षेत्रका नमुना विद्यालयहरुमा प्राथमिक तह उर्त्तीण दर २०६८, २०६९ र २०७० मा क्रमश : ९३.१५ प्रतिशत, ९४.७२ प्रतिशत र ९५ प्रतिशत रहेको पाइयो पुनः कक्षा दोहोऱ्याउने दर १ देखि ५ मा सरदर २०६८, २०६९ र २०७० मा क्रमश :? ११.८ प्रतिशत, ९.९ प्रतिशत र ७.२ प्रतिशत रहेको पाइयो । कक्षा १ देखि ५ सम्म बीचैमा कक्ष छाड्ने दर २०६८, २०६९ र २०७० मा क्रमशः ७.२८ प्रतिशत, ६.३२ प्रतिशत र ५.२९ प्रतिशत रहेको पाइयो । कक्षा १ देखि ५ सम्म विद्यार्थी संख्या प्रत्येक कोठामा ७६ जना पाइयो । नमुना विद्यालयहरुमा कुनै मा कक्षा १ मा ३० जना भन्दा कम र कुनैमा ८२ जना भन्दा बढी विद्यार्थी संख्या कक्षा कोठामा राखेको पाइयो ।

यस अध्ययन क्षेत्रका विद्यालयहरुमा विशेष प्रतिभावान विद्यार्थीलाई पहिलो चौमासिक र दोस्रो चौमासिकका बीचमा कक्षा चढाइएको पाइएन । नमुना विद्यालयहरुमा जम्मा शिक्षक, शिक्षिका संख्या प्रा.वि. तहमा ६५ जना रहेको पाइयो भने जम्मा विद्यार्थी संख्या २०६८, २०६९ र २०७० मा क्रमश : १५२२, १४११ र १२९६ जना रहेको पाइयो ।

यस अध्ययन क्षेत्रको नमुना विद्यालयहरुमा ४० प्रतिशत विद्यार्थीको कार्यसञ्चयिका दराजमा राखिएको पाइयो । धेरै जसो विद्यालयमा फोटो सहितको कार्यसञ्चयिकामा अभिभावकले हस्ताक्षर गरेको पाइएन ।

यस अध्ययन क्षेत्रको नमुना विद्यालयहरुमा ९० प्रतिशत शिक्षकले विद्यार्थीसँग सोधपुछ गर्ने, गृहकार्य दिने, कक्षा कार्य दिने र हेर्ने पनि गरेको पाइयो भने ४० प्रतिशत शिक्षकले परियोजना कार्यलाई नियमित गराउने गरेको पाइयो । कार्यसञ्चयिका व्यवस्थापनमा निरन्तरता गरिराख्नेको संख्या ४० प्रतिशत पाइयो भने अधिकांश विद्यालयमा शैक्षिक सत्रको अन्त्यमा मात्र कार्यसञ्चयिका व्यवस्थापन गर्ने गरेको पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धमा ५० प्रतिशत समुदायको सकारात्मक प्रतिक्रिया पाइयो र ५० प्रतिशत अभिभावक र समुदायलाई निरन्तर मूल्याङ्कन सम्बन्धी जानकारी भएको पाइएको छ ।

## ५.२. निष्कर्ष

निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको भूमिका विषयमा गरिएको सोध कार्यको अध्ययनबाट प्राप्त भएका तथ्यांकलाई सैद्धान्तिक चिन्तनको आधारमा गरिएको ब्याख्या विश्लेषण अनुरुप प्राप्त भएका निष्कर्षलाई निम्न प्रकारले उल्लेख गरिएको छ ।

मास्लो (सन् १९९२) का अनुसार एक आवश्यकताको पूर्तिपश्चात् त्यो भन्दा उच्च कोटिको पूर्तिका लागि व्यक्ति प्रयत्नशील रहन्छ । तर, यदी उसमा लक्षित आवश्यकता प्राप्त गर्न बाधा अड्चन आयोभने उसमा निरासा उत्पन्न हुन्छ, जसबाट व्यक्ति कामप्रति उत्साहित हुँदैन । यस अध्ययनमा पनि सिकाई उपलब्धिहरु एक पछि अर्को गर्दै क्रमिक सिकाई गरेमा मात्र प्रभावकारी हुने देखियो । कार्यसञ्चयिकालाई निरन्तर अध्ययन क्षेत्रका नमुना विद्यालयहरुमा मात्र ४० प्रतिशतले निर्देशिका अनुसार व्यवस्थित गरेर राखेको पाइयो ।

टायलरले उत्पादनका हरेक क्षेत्रमा वैज्ञानिकताका साथ काम गर्नु पर्दछ भनी उल्लेख गरिएतापनि यहाँ कार्यसञ्चयिका व्यवस्थापन उचित ढंगले गरेको देखिदैन ।

हेमण्डका अनुसार कुनै पनि कार्यक्रमको चर उपचरहरु रहेको हुन्छ । जति बढी चर उपचरहरु परिचालन गरियो, त्यति नै मूल्याङ्कन प्रक्रिया प्रभावकारी हुन्छ भनेजस्तै निरन्तर मूल्याङ्कनका ती चरहरु हाजिरी, परियोजना कार्य, कक्षा कार्य, व्यवहारिक परिवर्तन यी सबै चरहरुका उचित कार्यान्वयन भएको पाइएन ।

त्यसैगरी, जोन डीवेको गरेर सिक्ने भन्ने भनाईमा परियोजना कार्यबाट विद्यार्थीले दिगो सिकाई हुने काममा अभ्यस्त नगराएको अवस्था पाइयो । कुनै पनि कार्यक्रमको उपदेयता र प्रभावकारिता त्यस कार्यक्रमका विभिन्न पक्ष या सरोकारवालाहरुमा पनि निर्भर हुने हुन्छ । तर, निरन्तर मूल्याङ्कन प्रणाली र परियोजना कार्यबारे यस अध्ययन क्षेत्रका अभिभावक र समुदायमा अनिविज्ञ रहेको पाइयो ।

निर्देशिका तथा पाठ्यक्रमको अध्ययन गरी त्यस अनुरुप शिक्षण क्रियाकलापमा संलग्न भई विद्यार्थीका कमी कमजोरी पत्ता लगाई समाधानतर्फ अग्रसर भएको पाइदैन । साथै, विद्यार्थीका दैनिक क्रियाकलापका आधारमा विशेष प्रतिभावान विद्यार्थीलाई शैक्षिक सत्रको बीचैमा कक्षा चढाएको यस अध्ययन क्षेत्रमा देखिएन । ९० प्रतशित विद्यालयमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा हुने गरेको पाइयो । यसका अतिरिक्त निरन्तर मूल्याङ्कन पनि हुने गरेको पाइयो ।

शिक्षा नियमावली २०५९ अनुसार नमुना विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात मिलाउन सकिएको छैन । साथै, विषयगत साप्ताहिक पाठ्यभार अनुसार पढाई सञ्चालन गर्न सकिएको छैन । परियोजनाबारे प्राय सबै शिक्षकले तालिम लिएता पनि तालिम अनुसार कार्यान्वयन गरिएको पाइएन । यसका साथै, निरन्तर अनुगमन निरीक्षण र परामर्शको पनि कमै प्रयोग गरिएको पाइएको छ ।

## ५.३. सुझाव

'निरन्तर विद्यार्थी मूल्याङ्कनमा परियोजना कार्यको भूमिका' विषयमा गरिएको सोध कार्यमा अनुसन्धानका क्रममा तथ्याङ्क संकलन गरी विश्लेषण गर्दा देखिएका कमी कमजोरी पक्षहरुलाई सुधार गरी निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको भूमिका वृद्धि गरी पढाइको गुणस्तर वृद्धि गर्न विद्यार्थी उपलब्धि दर वृद्धि गरी सबैलाई गुणस्तरीय शिक्षा भन्ने भनाई प्रभावकारी बनाउन यस अध्ययन क्षेत्रमा सम्बन्धीत सबै पक्षलाई निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.३.१. नीतिगत तह

विद्यालयहरुमा निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको प्रभावकारिताका लागि नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागबाट स्पष्ट नीति निर्माण गरी प्रत्येक विद्यालयलाई अनिवार्य रुपमा कार्यनवयन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सबै किसिमका तालिमसँग सम्बन्धीत विभिन्न निकायहरुबाट सञ्चालन हुने तालिममा निरन्तर विद्यार्थी मूल्याङ्कन पनि समावेश गरिनुपर्छ । सिकाई उपलब्धिमा आधारित रहेर गरिने मूल्याङ्कन र कक्षामा प्रश्न सोध्ने तरिका लगायत औपचारिक मूल्याङ्कनका विधिहरुसँग सम्बन्धीत विषयवस्तु बढी समेटिनुपर्नेका साथै विद्यमान तीनवटा परीक्षा लिने परिपाटीउपर पनि पनु: विचार गरी नियमित र व्यापक प्रकारको मूल्याङ्कन पद्धतिलाई व्यवहारमा प्रयोग गर्नुका साथै पाठ्यक्रमका सम्पूर्ण उद्देश्यहरुको मूल्याङ्कन हुने परिपाटीको व्यवस्था गर्नुपर्ने सबैका लागि शिक्षा भन्ने नारालाई साकार बनाउन विद्यालयमा भर्ना भएकालाई निरन्तर रुपमा निश्चित आधारहरु पूरा भएपछि कक्षोन्नति गरिनुपर्ने र कार्यक्रमको प्रभावकारिता तथा कमीकमजोरीहरु सुधार गर्न केन्द्रदेखि जिल्ला तहसम्मका शैक्षिक संस्थाहरुको जिम्मेवारी स्पष्ट रुपमा किटान गरिनुपर्ने ।

### ५.३.२. अभ्यास तह

निरन्तर मूल्याङ्कन प्रणाली कार्यक्रम पुस्तिका (२०५६) मा उल्लेख भएको एक जना शिक्षकले रेखदेख गर्न सक्ने गरी (१:३०) मात्र विद्यार्थी रहने गरी व्यवस्था गर्दै जाने सैद्धान्तिक धारणालाई व्यवहारमा प्रयोग गरिनुपर्ने, एक विद्यालयबाट अर्को विद्यालयमा स्थानान्तर भई जाँदा कार्यसञ्चयिका अनिवार्य रुपमा लिई जानुपर्ने र बिना कार्यसञ्चयिका यस्ता विद्यार्थीलाई भर्ना गर्न नहुने ।

निरीक्षण र अनुगमनलाई प्रभावकरी रुपमा तीब्र बनाउनुपर्ने र अभिभावक, समुदाय सबैलाई निरन्तर मूल्याङ्कन प्रणालीसँग चिनारी गराउनुपर्ने, विद्यालयका सरोकार पक्ष अभिभावक, संघ, संस्था, समुदाय, अन्य दातृ संस्थाहरुको सहयोग जुटाउन प्रयत्न गरिनुपर्ने ।

### ५.३.३. अनुसन्धान तह

निन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्य विद्यालयहरुमा बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नमा मूख्य कारण के के रहेछन् र परियोजना कार्यको सञ्चालन गराउने विधिहरुको खोजी गर्नमा अध्ययनले अनुसन्धान हुन आवश्यक पर्दछ ।

अधिकांश सामुदायिक विद्यालयले निरन्तर मूल्याङ्कनमा परियोजना कार्यको भूमिका भएता पनि अपेक्षा गरे अनुसार प्रतिफल प्राप्त नभएको र कार्यसञ्चालनमा सुस्त भएकाले अध्ययन अनुसन्धान गर्नु पर्दछ ।

सामुदायिक विद्यालयका बालबालिकाहरुको औषत सिकाई उपलब्धि दर न्यून हुनमा प्रधानाध्यापकको भूमिका, विद्यालय व्यवस्थापन समितिको भूमिका, शिक्षकको भूमिका, अभिभावकको भूमिका, समुदायको भूमिकाको सम्बन्धमा छुट्टाछुट्टै र समूहगत रुपमा अध्ययन अनुसन्धान हुनुपर्दछ ।

सबैका लागि शिक्षा र गुणस्तरीय शिक्षा कार्यक्रमका लक्ष्य पूरा गर्न निरन्तर मूल्याङ्कनमा तत्काल गर्नुपर्ने सुधारात्मक कार्यहरु पत्ता लगाउन अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ । सामुदायिक विद्यालयमा प्रा.वि. तहको शैक्षिक क्षतिका प्रमुख कारण पत्ता लगाई समाधानका उपायहरु खोजी गर्न ।

यस अध्ययनले निम्न शीर्षकहरुमा अध्ययन गर्नका निमित्त मार्ग निर्देश गरेको छ :

१. परियोजना कार्यको महत्व एक अध्ययन

२. निरन्तर कूल्याङ्कन प्रणालीको उपदेयता

३. शैक्षिक क्षति न्यूनीकरण गर्नमा निरन्तर मूल्याङ्कन प्रणालीको भूमिका

४. बीचैमा कक्षा छोड्ने दर कम गर्न परियोजना कार्यको भूमिका

५. निरन्तर मूल्याङ्कन प्रणालीको वर्तमा अवस्था एक अध्ययन

## सन्दर्भ सामाग्रीहरू


अधिकारी, तोयानाथ (२०६५), *शिक्षाको परिचय,* मोरङः श्याम पुस्तक भण्डार ।

कार्की, योगेन्द्रबहादुर (२०६६), *प्राथमिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली सम्बन्धी एक अध्ययन,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

कोइराला, विद्यानाथ तथा चन्द्रबहादुर श्रेष्ठ (२०५९), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्रीप्रसाद (२०६३), *कार्यक्रम मूल्यांकन,* काठमाडौंः जुपिटर्स पब्लिर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : स्टुडेण्ट बुक्स एण्ड स्टेशनरी ।

ज.ब.रा., स्वयं प्रकाशक (२०५५), *शिक्षामा मापन तथा मूल्यांकन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

*नेपाल अधिराज्यको संविधान २०४७,* नेपाल सरकार कानून तथा न्याय मन्त्रालय ।

पराजुली, तीर्थराज, पेशल खनाल तथा बालकृष्ण अधिकारी (२०६५), *सङगठनिक व्यवस्थापन,* काठमाडौं : सनलाईट पब्लिकेशन ।

लम्साल, भोजप्रसाद (२०६२), *प्राथमिक शिक्षामा निरन्तर मूल्यांकन कार्यपत्र,* शैक्षिक तालिम केन्द्र, सुर्खेत ।

वाग्ले, मनप्रसाद ढकाल, माधवप्रसाद (२०५६), *शिक्षाको प्रारम्भिक परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी (२०६०), *कक्षा कोठामा मनोविज्ञान,* काठमाडौं, एम.के. पब्लिस एण्ड डिष्ट्रिब्यूटर्स, भोटाहिटी ।

शैक्षिक तथ्यांक, सारांश (२०६८, ०७०), जिशिका, झापा

सेरिड(२०६१), *फर्मेटिभ अनुसन्धान परियोना अनुसन्धान प्रतिवेदन सार सङ्क्षेप (२०६१),* भित्रुवन विश्वविद्याालयः शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

श्रेष्ठ, चन्द्रबहादुर (२०६०), *शिक्षामा मापन,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

# अनुसूचि - एकः निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको भूमिका

प्र.अ. ⁄शिक्षकहरुका लागि प्रश्नावली सूचि :

प्र.अ. ⁄शिक्षकको नाम :

तलका प्रश्नहरुको अध्ययन गरी सही उत्तर दिई यो शोध पत्र तयार गर्नका लागि सहयोग पु¥याइदिनुहुन अनुरोध गर्दछु ।

१. तपाईको विद्यालयमा कति कक्षासम्म निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्नुभएको छ ?

(क) कक्षा एक देखि तीन सम्म (ख) कक्षा एक देखि पाँच सम्म

(ग) एक देखि छ सम्म (घ) कुनै पनि कक्षामा छैन

२. तपाईले कक्षा एक देखि पाँच सम्म प्रत्येक कक्षामा कति विद्यार्थी राख्नुहुन्छ ?

(क) ३० जना (ख) ५० जना

(ग) ६० जना (घ) ५० जनाभन्दा माथि

३. तपाईका विद्यालयका प्राथमिक कक्षाहरुमा परियोजना कार्य सञ्चलन गर्ने गरेको छ ⁄छैन ?

(क) छ (ख) छैन

४. तपाईले निरन्तर मूल्याङ्कन र परियोजना कार्य गराउने समम्बन्धी तालिम लिनुभएको छ⁄छैन ?

(क) छ (ख) छैन

५. अभिभावकहरु विद्यार्थीको प्रतिफल बुझ्न कतिको आउँछन् ?

(क) केही मात्र अभिभाव आउँछन् (२०%- ३०%)

(ख) कुनै पनि अभिभावक आउँदैनन्

(ग) सबै अभिभावक आउँछन

(घ) बोलाएपछि मात्र आउँछन् ।

६. निरन्तर मूल्याङ्कन र परियोजना कार्य कस्तो लाग्यो ?

(क) राम्रो (ख) झन्झटिलो

(ग) अप्रभावकारी (घ) प्रभावकारी

७. तपाईका कक्षामा विद्यार्थी नियमीत नभएमा के गर्नुहुन्छ ?

(क) अभिभावकलाई पत्रचार गर्ने गरेको

(ख) अभिभावकलाई टेलिफोन गर्ने गरेको

(ग) अभिभावकको भेला बोलाउने गरेको

(घ) अभिभावकसँग प्रत्यक्ष सम्पर्क गरी विद्यार्थीलाई बोलाउने गरेको

८. कार्य सञ्चयीकामा फोटो सहित नियमीत राखेको छ /छैन ?

(क) छ (ख) छैन

९. कार्य सञ्चयीका कसरी र कहाँ राख्नु हुन्छ ?

(क) दराजमा राख्ने गरेको (ख) टेबलमा राख्ने गरेको

(ग) बाकसमा राख्ने गरेको (घ) कोठामा झुण्ड्याएर राख्ने गरेको

१०. तपाईको विद्यालयमा सिकाई उपलब्धी वृद्धि गर्नका लागि तलकामध्ये कुन कार्यक्रम समावेश गरिएको छ ?

(क) अतिरिक्त कक्षा सञ्चालन

(ख) नियमीत गृहकार्य परियोजना दिने र परीक्षण गर्ने

(ग) कक्षा शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोग गर्ने

(घ) यी सबै

११. तपाईको विद्यालयमा भएको अभिभावक भेला र शिक्षक अभिभावक संघको भेलामा निरन्तर मूल्याङ्कन प्रणालीबारे जानकारी गराउनु भएको छ ।

(क) छ (ख छैन

# अनुसूचि - दुइ :निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको भूमिका

विद्यालय व्यवस्थापन समिति अध्यक्षको लागि प्रश्नावली सूचि

अध्यक्षको नाम :

तलका प्रश्नहरुको अध्ययन गरी सही उत्तर दिई यो शोध पत्र तयार गर्नका लागि सहयोग पुऱ्याइदिनुहुन अनुरोध गर्दछु ।

१. तपाईको विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्नभएको छ ?

(क) छ (ख) छैन (ग) कहिले काही

२. निरन्तर मूल्याङ्कन सम्बन्धमा तपाईको बुझाई कस्तो छ ?

(क) बारम्बार विद्यार्थी मूल्याङ्कन गर्ने

(ख) एक शैक्षिक वर्षमा २ पटक मूल्याङ्कन गर्ने ।

(ग) वर्षमा एक पटक मूल्याङ्कन गर्ने

(घ) कहिलेकाँही मात्र मूल्याङ्कन गर्ने

३. विद्यालयमा कक्षा सञ्चालन व्यवस्थित भए/नभएको हेर्न महिनामा कति पटक अनुगमन गर्नुभएको छ ?

(क) महिनामा एक पटक

(ख) महिनामा दुई पटक

(ग) महिनामा तीन पटक भन्दा माथि

(घ) गर्ने गरेको छैन

४. निरन्तर मूल्याङ्कन र परियोजना कार्यको बारेमा कुनै तालिम गोष्ठि या वैठकधमा भाग लिनुभएको छ / छैन ?

(क) छ (ख) छैन

५. विद्यार्थी उपलब्धी दर बढाउन के गर्नुपर्ला जस्तो लाग्छ ?

(क) कम विद्यार्थी भर्ना गर्ने

(ख) शिक्षक बढी नियुक्ति गर्ने

(ग) प्र.अ. र शिक्षकलाई तालिम दिने

(घ) निरन्तर मूल्याङ्कनको राम्रो कार्यान्वयन गर्ने

६. तपाईको विद्यालयमा कक्षा १ देखि ५ सम्मका बालबालिकालाई कक्षामा बस्ने व्यवस्था कस्तो मिलाएको छ ?

(क) भुईमा चट्टी ओछ्याएर

(ख) राउण्ड टेबलमा वरीपरी बस्ने व्यवस्था

(ग) डेक्स, बेन्चमा प्रत्येकमा ५ जना बस्ने व्यवस्था

(घ) प्रत्येक दुईजनाका लागि टेबल र साना बेन्चको व्यवस्था

७. सामुदायिक विद्यालयमा प्रा.वि. तहमा विद्यार्थी संख्या घट्दै आएको पाइन्छ । यसको प्रमुख कारण के होला ?

(क) निरीक्षण र अनुगमनको कमी हुनु

(ख) मूल्याङ्कन प्रणाली उपयुक्त नहुनु

(ग) कक्षा कोठा आकर्षक र भवन सुविधाजनक नहुनु

(घ) राम्रो पठन पाठन नहुने

८. विद्यालयमा समुदायको सहयोग कतिको छ ?

(क) सहयोग ने हुँदैन

(ख) धेरैजसो सहयोग हुने गरेको

(ग) आवश्यकता अनुसार सहयोग गर्ने गरेको

(घ) सबै सहयोग हुन्छ

९. विद्यार्थीलाई परियोजना कार्य गराउनुआवश्यक छ ?

(क) छ (ख) छैन

१०. तपाईको विचारमा निरन्तर मूल्याङ्कनलाई सुधार गर्न के गर्नुपर्ला ?

(क) भौतिक साधन धेर जुटाउनु

(ख) अभिभावक, समुदाय, शिक्षक सबैलाईृ तालिम प्रदान गर्नु

(ग) अभिभावकलाई जानकारी गराउनु

(घ) कक्षा कोठामा पढाउने शिक्षक र प्र.अ.लाई राम्रो तालिमको व्यवस्था मिलाउनु

# अनुसूचि - तीनः निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको भूमिका

वि.नि. ⁄ स्रोत व्यक्तिका लागि तयार पारिएको प्रश्नावली सूचि

वि.नि. ⁄ स्रोत व्यक्तिको नाम :

तलका प्रश्नहरुको अध्ययन गरी सही उत्तर दिई यो शोध पत्र तयार गर्नका लागि सहयोग पुऱ्याइदिनुहुन अनुरोध गर्दछु ।

१. निरन्तर मूल्याङ्कनमा परियोजना कार्यको कस्तो भूमिका रहेको छ ?

(क) सुधारात्मक शिक्षण गर्न (ख) विद्यार्थीको बानी व्यहोरा थाहा पाउन

(ग) उर्त्तीण प्रतिशत बढाउन (घ) कक्षा चढाउन

२. निरन्तर मूल्याङ्कन प्रणालीका अनुसार विद्यालयमा पठन पाठन भए ⁄ नभएको अनुगमन कसले गर्छ ?

(क) स्रोत व्यक्ति (ख) वि.नि.

(ग) प्र.अ. (घ) यी सबै जना

३. निरन्तर विद्यार्थी मूल्याङ्कनमा सूचकहरु कुन कुन प्रयोग गर्नु भएको छ ?

(क) सञ्चित अभिलेख (ख) अवलोकन (प्रत्यक्ष कक्षा अवलोकन)

(ग) सूचक अभिलेख (घ) माथिका सबै

४. विद्यालय र समुदायमा निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी कस्तो प्रतिक्रिया रहेको छ ।

(क) सकारात्मक (ख) नकारात्मक

(ग) मिश्रित (घ) असफल कार्यक्रम

५. निरन्त मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन के गर्नु पर्ला ?

(क) शिक्षकलाई तालिम दिने (ख) अनुगमन र निरीक्षण प्रणालीलाई तीब्र बनाउने

(ग) समुदायमा जानकारी गराउने (घ) माथिका सबै

# अनुसूचि - चारः निरन्तर मूल्याङ्कन प्रणालीमा परियोजना कार्यको भूमिका

अभिभावकका लागि तयार पारिएको प्रश्नावली सूचि

अभिभावकको नाम :

तलका प्रश्नहरुको अध्ययन गरी सही उत्तर दिई यो शोध पत्र तयार गर्नका लागि सहयोग पुऱ्याइदिनुहुन अनुरोध गर्दछु ।

१. तपाईलाई निरन्तर मूल्याङ्कन प्रणालीबारेमा थाहा छ या छैन ?

(क) छ (ख) छैन

२. तपाईले फोटो सहितको तपाईका विद्यार्थीको कार्य सञ्चयीकामा हस्ताक्षर गर्नु भएको छ ?

(क) छ (ख) छैन

३. तपाईका बालबालिकाको पढाई स्तर बढाउन र उपलब्धी मूल्याङ्कन बढाउन के गर्नुपर्ला जस्तो लाग्छ ?

(क) नियमीत विद्यालय पठाउने

(ख) विद्यालयमा कहिलेकाँही गएर आफ्नो बालकको शिक्षकसँग जानकारी लिने

(ग) उनीहरुको आवश्यकताहरु पूरा गरिदिने

(घ) माथिका सबै

**विदार्थीहरुलाई सोधिएको प्रश्न**

१. तिमीले वर्षमा कतिपटक परीक्षा दिएका छौ ?

(क) एक पटक (ख) दुई पटक

(ग) दिएकै छैन (घ) तीन पटक भन्दा माथि

२. तिमीलाई शिक्षक शिक्षिकाले सोधपुछ गर्नु हुन्छ कि हुँदैन ?

(क) सधैं सोध्नुहुन्छ (ख) कहिलेकाँही मात्र सोध्नुहुन्छ

(ग) पालो पाले गरी सबैलाई सोध्नुहुन्छ (घ) कहिल्यै सोध्नुहुदैन

३. तिमीलाई गृहकार्य गर्न दिनुहुन्छ ?

(क) दिनुहुन्छ (ख) दिनुहुँदैन

(ग) थोरै थोरै दिनुहुन्छ (घ) धेरै दिनुहुन्छ

४. कक्षामा कार्य गर्न लगाएर शिक्षक शिक्षिकाले हेर्नु पनि हुन्छ ?

(क) हेर्नु हुन्छ (ख) हेर्नु हुँदैन

(ग) कहिलेकाँही हेर्नु हुन्छ (घ) सधैं हेर्नु हुन्छ

५. तिमीहरुलाई शिक्षक शिक्षिकाले समूह बनाएर परियोजना कार्य गर्न लगाउनुहुन्छ ?

(क) लगाउनु हुन्छ (ख) लगाउनु हुदैन

| क.सं. | विद्यालयको नाम | कक्षा १ | | | | कक्षा २ | | | | कक्षा ३ | | | | कक्षा ४ | | | | कक्षा ५ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्रा % | जम्मा | छात्र | छात्रा | छात्रा % | जम्मा | छात्र | छात्रा | छात्रा % | जम्मा | छात्र | छात्रा | छात्रा % | जम्मा | छात्र | छात्रा | छात्रा % | जम्मा |
| 1 | श्री सरस्वती उमावि दमक-१४ | ३५ | ४१ | ५९.९४ | ७६ | २४ | ३१ | ५५.३३ | ५५ | २८ | २१ | ४२.६५ | ४९ | १९ | २२ | ५३.६५ | ४१ | २६ | २९ | ५२.५२ | ५५ |
| 2 | श्री पृथ्वी निमावि दमक -१२ | ११५ | १०९ | ४८.५५ | २२४ | ५२ | २८ | ३५ | ८० | ४१ | ४२ | ५०.६० | ८३ | ६४ | ५८ | ४३.३३ | १३२ | ४९ | २९ | ३६.१७ | ७८ |
| 3 | श्री दीपिनी निमावि दमक-१० | ४२ | ५५ | ५६.७० | ९६ | २१ | १८ | ४३.१५ | ३९ | २४ | २४ | ५० | ४८ | ३२ | १८ | ३६ | ५० | १८ | १५ | ४५.४२ | ३३ |
| 4 | श्री कृष्ण निमावि दमक-८ | ३१ | ११ | ३४.३७ | ३२ | २० | १६ | ४४.४ ४ | ३६ | १६ | १४ | ४३.७७ | ३० | १९ | १२ | ३८.७० | ३१ | ८ | १८ | ६९.२३ | २६ |
| 5 | श्री ताराबारी निमावि दमक-८ | १२ | ८ | ४२ | २० | ११ | ९ | ४५ | २० | ९ | १६ | ६४ | २५ | १२ | १३ | ५२ | २५ | १२ | १५ | ५५.५५ | २७ |
| | **जम्मा** | २३५ | २२४ | ४३.८८ | ४४८ | १२८ | १०२ | ४४.३४ | २३० | ११८ | ५८५ | ४९.७८ | २३५ | १४६ | १२३ | ४५.७२ | २७९ | ११३ | १०६ | ४८.५० | २१९ |



**अनुसूचि - पाँचःनमूना विद्यालयको २०६९ को विद्यार्थी विवरण**

स्रोत : शैक्षिक तथ्याङ्क २०६९ दमक स्रोत केन्द्र

**अनुसूचि - छ :नमूना विद्यालयको २०७० को विद्यार्थी विवरण**

| क.सं. | विद्यालयको नाम | कक्षा १ | | | | कक्षा २ | | | | कक्षा ३ | | | | कक्षा ४ | | | | कक्षा ५ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्रा % | जम्मा | छात्र | छात्रा | छात्रा % | जम्मा | छात्र | छात्रा | छात्रा % | जम्मा | छात्र | छात्रा | छात्रा % | जम्मा | छात्र | छात्रा | छात्रा % | जम्मा |
| 1 | श्री सरस्वती उमावि दमक-१४ | ४५ | ५६ | ५५ | १०१ | २० | १८ | ४७.३६ | ३८ | २८ | ३५ | ५५.५५ | ६३ | ३९ | २७ | ४०.३० | ६६ | २७ | २४ | ४७.०५ | ५१ |
| 2 | श्री पृथ्वी निमावि दमक -१२ | १०३ | ६० | ३६.६० | १६३ | ४५ | ३८ | ४५.७८ | ८३ | ५१ | ३० | ३७.७२ | ८१ | ३८ | ५२ | ५७.७७ | ९० | ४५ | १३ | २२.४१ | ५८ |
| 3 | श्री दीपिनी निमावि दमक-१० | ५२ | ४७ | ४७.४७ | ९९ | १४ | १६ | ५३.३३ | ३० | २३ | २५ | २९.४६ | ३८ | २७ | २३ | ४६ | ५० | २४ | १२ | ३३.३३ | ३६ |
| 4 | श्री कृष्ण निमावि दमक-८ | १५ | ११ | ४२.३० | २६ | १० | १० | ५० | २० | २१ | १४ | ४० | ३५ | २३ | २२ | ४८.८८ | ४५ | १३ | १८ | ५८.०३ | ३१ |
| 5 | श्री ताराबारी निमावि दमक-८ | १५ | ६ | २८.५७ | २१ | ११ | ६ | ३५.२९ | १७ | ८ | १० | ५५.५५ | १८ | ४ | १३ | ७६.४७ | १७ | १० | ९ | ४७.३६ | १९ |
| | **जम्मा** | **२३०** | **१८०** | **४३.९०** | **४१०** | **१००** | **८८** | **४६.८०** | **१८८** | **१३१** | **११४** | **४४.२५** | **२३५** | **१३१** | **१३७** | **५१.११** | **२६८** | **११९** | **७६** | **३८.९७** | **१९५** |

स्रोत : शैक्षिक तथ्याङ्क २०७० दमक स्रोत केन्द्र